http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष २, अङ्क १, २०७० असार-साउन

Vol 2, Issue 1, August 2013

## आ.व. २०६९/७० को राजस्व संकलन

आन्तरिक राजस्व विभाग अन्तर्गत गत आ.व.२०६९/०७० को लागि निर्धारित लक्ष्य रु. १ खर्व १८ अर्व ६५ करोड ५७ लाख २७ हजार मध्ये रु. १ खर्व १७ अर्ब ८९ करोड ५२ लाख ६२ हजार असुली भई लक्ष्यको तुलनामा ९९ प्रतिशत प्रगति भएको छ जुन निर्धारित लक्ष्यभन्दा ७६ करोडले न्यून हो। असार मसान्तसम्मको उक्त असुली आ.व. २०६८/०६९ को तुलनामा २०.२ प्रतिशतले बढी हो। साथै २०७० असारका लागि निर्धारित लक्ष्य रु १८ अर्व ९८ करोड २५ लाख ३९ हजार रहेकोमा सो लक्ष्यको तुलनामा ९८ प्रतिशत असुली भई जम्मा रु. १८ अर्व ५४ करोड ६६ लाख ११ हजार असुली भएको छ। गत आ.व.को असार मसान्तसम्मको शीर्षकगत असुलीको अवस्था हेर्दा आयकर, मू.अ.कर, अन्तःशुल्क, र शिक्षा सेवा शुल्क क्रमशः ६७ अर्व

आ.व. २०६९/०७० असार महिना सम्मको राजस्व असुली (रु हजारमा)

| राजस्वका स्रोतहरु | लक्ष्य | असुली | प्रगति प्रतिशत |
|---|---|---|---|
| आयकर | ६३,४८०,११८ | ६७,०१८,९११ | १०६ |
| मू.अ.कर | ३०,४०६,६९० | २८,४९३,८५८ | ९४ |
| अन्तःशुल्क | २४,४९६,७४१ | २२,०६१,७९९ | ९० |
| शिक्षा सेवा शुल्क | २७२,०९८ | ३२०,६८६ | ११८ |
| जम्मा | ११८,६५५,७२७ | ११७,८९५,२६२ | ९९ |

बाँकी १३ पेजमा....

# गोकर्ण घोषणापत्र सार्वजनिक गर्दै वार्षिक व्यवस्थापन गोष्ठी सम्पन्न




व्यवस्थापन गोष्ठीको समापनका अवसरमा सम्बोधन गर्नुहुँदै माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला, अर्थसचिव श्री शान्तराज सुवेदीलगायत अन्य पदाधिकारीहरु

आन्तरिक राजस्व विभाग अन्तर्गतका मुलुकभरका प्रमुख कर प्रशासक तथा प्रमुख कर अधिकृतहरूका लागि आयोजना गरिएको ३ दिने व्यवस्थापन गोष्ठी ५३ बुँदे गोकर्ण घोषणापत्र जारी गर्दै सम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाले गोष्ठी अद्वितीय प्रकृतिको रहेको धारणा व्यक्त गर्दै तीनतीन दिनसम्म यतिधेरै अधिकृतहरूले एउटै आसन, एउटै भाषण र एउटै रासन सहित सम्पन्न गरेको छलफल कार्यक्रमको निष्कर्ष अवश्यपनि फलदायी हुने अपेक्षा गर्नु भयो। कार्यक्रममा माननीय अर्थमन्त्रीले सामूहिक प्रतिवद्धताको घोषणालाई कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोतसाधन प्रदान गर्न अर्थ मन्त्रालयले कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। माननीय अर्थमन्त्री श्री कोइरालाले राजस्व लक्ष्य पुऱ्याउन, Proative approach बाट करको दायरा विस्तार गर्न, प्रक्रियागत सरलीकरण गरी IT

बाँकी ६ पेजमा....

## ऑखीझ्याल

व्यवसायिक लागत र समय घटाउन निर्देशन — पृष्ठ ५

गोकर्ण घोषणा पत्र २०७० — पृष्ठ ७

सर्वोत्कृष्ट राजस्व कार्यालयहरु सम्मानित — पृष्ठ १२



करसंग डर होईन भर गरौं।



# महानिर्देशकको सन्देश

**सदाचारिता सहितको सफलता मात्र दिगो हुनेछ । सफलता आउँछ जान्छ रे तर सदाचारिता सधैं रहिरहन्छ । प्रकृयामा भन्दा नतिजामा विश्वास गरौं । कुखुराले दिनभरी क्वार क्वार गरेर वेलुका जम्मा दुई वटा अण्डा दिए जस्तो होइन माछाले मौनतामा हजारौं अण्डा निकाले जस्तो नतिजा दिन सकौं ।**

आन्तरिक राजस्व विभागको महानिर्देशकको हैसियतले डेढ वर्षको अवधिमा मलाई कर प्रशासनको तीन आर्थिक बर्षको जिम्मेवारी वहन गर्ने अवसर प्राप्त भएको छ । कर प्रशासनले आर्थिक वर्ष २०६९।०७० मा विभिन्न क्षेत्रमा हाँसिल गरेको उपलब्धि प्रति सन्तोष व्यक्त गर्दै यस अवधिमा प्राप्त निर्देशन, सुझाव र सहयोगका लागि सम्वद्ध सवै पदाधिकारी, व्यक्ति तथा निकायहरूमा हार्दिक आभार व्यक्त गर्दछु । विभागको कार्यक्षेत्र र कामको प्रकृति अनुसार कार्यबोझ बढी छ । यसको लागि उपलब्ध जनशक्ति र भौतिक सुविधाहरूको अधिकतम उपयोग गर्दै वेला वखतमा आई पर्ने अवरोधहरूलाई व्यवस्थित तथा निस्तेज बनाउदै आर्थिक वर्ष २०६९।०७० मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कर प्रशासनको पहिचान स्थापित गर्न प्रयास गरिएको छ । चालु आर्थिक वर्ष २०७०।०७१ मा पनि सम्वद्ध सबै पक्षबाट यस्तै सहयोग र सुझावहरूको अपेक्षा गरिएको छ ।

आर्थिक वर्ष २०६९।०७० मा नेपालको कर प्रशासन कर अनुसन्धान तथा कर जागरणको माध्यमवाट चलायमान निकायको रुपमा परिचित भएको छ । अन्तर्राष्ट्रिय फोरमहरूमा पनि कर प्रशासनको पहिचान स्थापित भएको छ । हाम्रो कर प्रणाली अर्न्तराष्ट्रिय स्तरको हुँदाहुँदै पनि व्यवसायिक क्षेत्रको नैतिकताको स्तर कर प्रशासनको जनशक्तिको दक्षता तथा क्षमता एवं संगठनात्मक व्यवस्था समेतको आधारमा केही सुधार गर्नुपर्ने देखिएको छ । कर प्रशासनका कर्मचारीहरू राजस्वको रखवारी गर्न खटिएका सरकारको जिम्मेवार पदाधिकारीहरू हुन् । राजस्वको संरक्षण र रखवारीमा कमी आएमा त्यसको आरोप सवैले सामना गर्नु पर्ने हुन्छ । मन्त्रालय विभाग भनेको नीति निर्माण गरी कार्यान्वयन गराउने निकाय भएकाले स्थानीय स्तरका कार्यालयहरूवाटै कार्यान्वयन गरिनु पर्दछ । विभागलाई योजना, निर्देशन, अनुगमन र नियन्त्रण जस्ता नीतिगत तथा प्रणाली विकास र सुधारका काममा बढी संलग्न हुन मातहत कार्यालयहरू राजस्व संकलन र सञ्चालन सम्वन्धी काममा बढी केन्द्रित हुन जरुरी छ ।

हामीले स्वयंकर प्रणाली अवलम्वन गरेका छौ । करदाता स्वयंले कर तिरी रहेका छन् । स्वयंकर प्रणाली खासगरी उच्च नैतिकता र व्यवसायिक आचरण पूर्ण रुपमा पालना भएको अवस्थामा मात्र जोखिम रहित हुन्छ । हाम्रो व्यवसायिक नैतिकता तथा सामाजिक आचरणको स्तरको आधारमा यो प्रणाली अत्याधुनिक र बैज्ञानिक हुँदाहुँदै पनि यसमा ठूलो जोखिम पनि छ । यस प्रणालीले करदाता र कर प्रशासनलाई ठूलो विश्वास गरेको छ । कसैबाट पनि विश्वासघात भएमा प्रणालीमा नै विचलन आउन सक्दछ । विगत देखि क्रमश: उजागर हुँदै आएको नक्कली भ्याट बीलको प्रकरण तथा अन्य कर छलिका घटनाका आधारमा स्वयंकर निर्धारण प्रणालीलाई करदाताहरूले अझै पनि आत्मासात गर्न नसकेको अवस्था छ । यस अवस्थामा कर प्रशासन बढी जिम्मेवार र नैतिकवान हुनु जरुरी छ । हाम्रो प्रयासले थप कति राजस्व असुल भएको छ । कति नियमन र अनुगमन गरी जोखिम नियन्त्रण गर्न सकेका छौं । सम्भावित कर छलीका घटनाहरूलाई कति नियन्त्रण, अनुसन्धान र निस्तेज गर्न सकेका छौं । त्यस तर्फ हाम्रो विशेष ध्यान जानु पर्दछ । आफनो कार्यक्षेत्रमा कर कानूनको परिपालना नगरी कुनै आर्थिक क्रियाकलाप र गतिविधी भएका छन् भने तीनको निगरानी गरी दायरामा ल्याई कानूनी प्रकृया अवलम्वन गर्न चनाखो हुनुपर्दछ ।

हाम्रो करको मुख्य श्रोत नै मूल्य अभिबृद्धि कर हो र मूल्य अभिबृद्धि करको आधार भनेकै बीलविजक हो । बजारमा खरिद विक्री सम्बन्धी कारोवारमा बीलविजक न्यून रुपमा जारी हुने र प्रशस्त न्यून विजिकरण हुने र नक्कली बील विजकको प्रयोग टड्कारो समस्याको रुपमा देखा परेको छ । यसको निराकरण भनेको केही प्रणालीमा सुधार र अधिकांश अनुगमन, अनुसन्धान तथा निगरानी र कर कानूनको परिपालनानै हो । यसलाई समयमै बिशेष ख्याल नगरेमा अझ विकराल समस्याको रुप लिई मूल्य अभिबृद्धि कर प्रणाली कार्यान्वयनमा नै प्रश्न चिन्ह आउन सक्ने अवस्था देखिदैछ । यसमा कर प्रशासन विशेष चनाखो हुनुको साथै स्थानीय स्तरका निजीक्षेत्र, उपभोक्ता हित संरक्षणकारी संस्थाहरूको समेत सहयोग लिई व्यापकरुपमा अनुगमन तथा कारवाही गर्नु जरुरी छ ।

विगतदेखि कर निर्धारण भई असुल गर्न बाँकी बक्यौताको रकम छत्तीस अर्व नाघिसकेको छ । यस आर्थिक वर्षमा करिव चौध अर्व बक्यौता असुल गर्ने लक्ष्या रहेको छ । आय कर ऐन २०५८, अन्त:शुल्क ऐन २०५८ र मूल्य अभिबृद्धि कर २०५२ ले कर अधिकृतहरूलाई कानूनी कारवाही गरी असुल उपर गर्न प्रशस्त अधिकार दिएको छ । ती अधिकारको विना हिचकिचावट प्रयोग गरिनु पर्दछ । कतिपय प्रतिष्ठित व्यापारिक घरानाहरू नै ठूलो रकम बक्यौता राख्ने र कर कानूनको अवज्ञा गर्न अभ्यस्त भएको अवस्था पनि छ । तसर्थ ठूलो रकम बक्यौता राख्ने अठ्यारो र अटेर गर्नेहरूसँग तत्कालै कार्य योजना बनाई असुलीमा लाग्नु पर्ने देखिएको छ । सजिलो पछि असुल गर्दै गरौंला । टुप्पाको फल पहिले टिपौं फेदको पछि टिप्दै गरौंलाको सिद्धान्त अवलम्वन गरौं । अन्त:शुल्क लाग्ने पदार्थ जस्तै मदिरा र सुर्तिजन्य पदार्थहरूमा नक्कली स्टीकर प्रयोग हुने वा स्टीकर नै प्रयोग नगरी बिक्री वितरण गर्ने जस्ता क्रियाकलापहरू सघन अनुगमन तथा नियमित निरीक्षण गरी निस्तेज गर्न बिशेष ध्यान केन्द्रित गर्न जरुरी छ ।

कर प्रशासन सञ्चालनको रणनीति प्रवर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक रहनेछ । आमकरदाताहरूलाई करको वारेमा जागरण गराउन प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछन् । प्रणालीमा भएका कमी कमजोरी सुधार गर्न निरोधात्मक र कानूनको जानी जानी अवज्ञा गर्नेहरूको लागि दण्डात्म उपायहरू अपनाईने छन् । आम करदाता जसलाई करको वारेमा जानकारी कम छ, त्यस्ता वर्गलाई कर शिक्षा, सूचना तथा सञ्चारको माध्यमवाट कर सहभागिता बढाउनु पर्दछ । यसको लागि चालू आर्थिक वर्षमा एक हजार संख्यामा जागरण कार्यक्रमहरू सञ्चालन गरी करिव एक लाख नागरिकलाई करको जानकारी गराउने कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्ने । गत आर्थिक वर्षमा करिव एकहजार दुईसय कार्यक्रम मार्फत एक लाखभन्दा बढी आम नागरिक जागरुक भएका छन् । कर छली गर्ने, नक्कली बील विजक प्रयोग गर्ने तथा मिसम्याच विवरण पेश गर्नेहरूलाई निरुत्साहित गर्न कानूनी दण्डात्मक उपायहरू नै अपनाउनु पर्दछ ।

चालु आर्थिक बर्षको आर्थिक अध्यादेशले करको दायरामा नआएका र दायरामा आए पनि विवरण तथा कर दाखिला नगरेका व्यक्तिहरूलाई करको दायरामा ल्याउन लागेको कर तिरेमा दण्ड जरिवाना मिनाहा गर्ने केहीमा असोज र अधिकांशमा पौष मसान्तको अवधी तोकिएको छ । यो कर प्रशासनलाई ननफाइलर घटाउने उपयुक्त विधी हो भने करदाताहरूलाई समेत कर सहभागिता जनाउने उपयुक्त अवसर भएकाले आम नागरिक तथा करदाताहरूलाई यस सुविधाको उपयोग गर्नका लागि आव्हान गर्न चाहन्छु । त्यस्तै कर प्रशासनका स्थानीय कार्यालयहरूलाई यस अवसरको व्यापक रुपमा प्रचार प्रसार गरी करदाताहरूलाई कर सहभागितामा उत्प्रेरित गराउन आग्रह गर्दछु । यस आर्थिक वर्षमा थप करिव दुई लाख करदातालाई करको दायरामा ल्याउने लक्ष्य राखिएको हुँदा केन्द्रमा राष्ट्रिय कर मेला सञ्चालन गर्ने र स्थानीय स्तरमा कर शिविर र कर क्लिनिकहरू सञ्चालन गरिने छन् ।

राजस्व प्रशासनमा सदाचारको कुरा साह्रै आउँछ । विगतमा राजस्व प्रशासनको सार्वजनिक छवि राम्रो नभएता पनि अहिले विभिन्न सर्वेक्षणका नतिजाका आधारमा र व्यवहारिक रुपमा नै पनि धेरै सुधार भएको छ । यसलाई शून्यमा झारेर कर प्रशासनमा साँच्चैको शून्य सहनशीलताको अवस्था छ भन्ने सन्देश सरोकारवालाहरूले नै महसुस र अनुभूत गरेको हुनु पर्दछ । कर प्रशासनमा सदाचार तथा सुधारको विषयमा यसपटकको व्यवस्थापन गोष्ठीमा माननीय अर्थमन्त्रीज्यू, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्तज्यू, श्रीमान् मुख्य सचिवज्यू र श्रीमान अर्थ सचिवज्यूले पनि चिन्ता व्यक्त गर्दै निर्देशन दिनु भएको छ । त्यसलाई प्रतिवद्धताका साथ पालना गरी व्यवहारमा उतारौं । कर प्रशासनलाई राज्यले ठूलो जिम्मेवारी दिएको छ । राज्यले विश्वास गरेर कर प्रशासनलाई दिएको जिम्मेवारी आलोचना, खोट, दोष र आरोप रहित ढङ्गले पुरा गर्न कुनै कसर वाँकी नराख्न कर प्रशासनका कर्मचारी साथीहरूलाई आग्रह गर्दछु । असल नियतले गरेको सवै कामको संरक्षण हुनेछ ।

कर प्रशासनमा काम गर्ने कर्मचारीको लागि प्रोत्साहन भत्ताको समेत व्यवस्था गरेको छ । प्रोत्साहन भत्ताको पुष्टि गर्नको लागि पनि अन्य निकाय र कार्यालयका कर्मचारी भन्दा निश्चित रुपमा बढी काम गर्नु पर्दछ । हामी सधैं परिवर्तनशील वनौं । परिवर्तन र सुधार आफैवाट थालनी गर्नु पर्छ । कर प्रशासनको सुधारको लागि पाँच वर्षे रणनीतिक योजना र तीन वर्षे सुधार योजना बनेको छ । त्यसलाई कार्यान्वयन गराउँ । आफना समकक्षी र पूर्वजहरूको विंडो थाम्ने र उहाँहरू भन्दा राम्रो गर्छु भन्ने मात्र लक्ष्य नराखौं । आफू सधैं आफै भन्दा उत्तम हुन्छु भन्ने धारण राखौं । सफल भईन्छ । तर सफलता काममा मात्र निर्भर रहन्छ । सदाचारिता सहितको सफलता मात्र दिगो हुनेछ । सफलता आउँछ जान्छ रे तर सदाचारिता सधै रहिरहन्छ । प्रकृयामा भन्दा नतिजामा विश्वास गरौं । कुखुराले दिनभरी क्वार क्वार गरेर वेलुका जम्मा दुई वटा अण्डा दिए जस्तो होइन माछाले मौनतामा हजारौं अण्डा निकाले जस्तो नतिजा दिन सकौं ।

भाद्र, २०७०

**टंकमणि शर्मा**
महानिर्देशक

# कर सहभागिता नजनाउने व्यक्तिहरुको पहिचान गरी कारबाही गर्न निर्देशन




अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त माननीय श्री लोकमानसिंह कार्की निर्देशन दिनुहुँदै

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री लोकमान सिंह कार्कीले २०७० श्रावण २९ गते आन्तरिक राजस्व विभागको निरीक्षण गरी विभाग तथा मातहत कार्यालयका प्रमुखहरूलाई निर्देशन दिनु भयो । यस अवसरमा माननीय प्रमुख आयुक्त श्री कार्किले कर प्रणालीको विकास, समस्या र चुनौतिको विषयमा प्रकाश पार्नु भयो । साथै सो अवसरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्राथमिकता र कार्यनीतिको विषयमा सहभागी कर्मचारीहरूलाई जानकारी गराउनु भयो। नेपालमा मूल्य अभिबृद्धि कर प्रणाली लागू गर्ने र तात्कालिन मूल्य अभिबृद्धि कर विभाग तथा कर विभागको एकीकरण गर्ने र सुशासन ऐन लागू गर्ने सम्बन्धमा आफूले गरेको योगदानको स्मरण गर्दै माननीय श्री कार्किले उदारीकरण एवं निजीकरणको नीति अबलम्बन गरेपश्चात् परम्परागत उद्योग तथा व्यापार क्षेत्रभन्दा सेवा क्षेत्रहरूमा व्यवसायिक गतिविधिहरू बढेको, कराधार विस्तार भए पनि कर लाग्ने कारोबार गर्ने व्यक्ति तथा निकाय सबैलाई करको दायरामा ल्याउन बाँकी रहेको भन्दै उच्च एवं विलासी जीवन शैली भएका नवधनाढ्य वर्ग, उच्च आय आर्जन गर्ने पेशागत क्षेत्रलाई प्राथमिकताका साथ करको दायरामा ल्याउनु पर्नेतर्फ विभागको ध्यानाकर्षण गराउनु भयो । कर अधिकृत तथा करदाताहरूबीच सकेसम्म भेटघाट कम हुने गरी विद्युतीय प्रणालीको विकासमा जोड दिन निर्देशन गर्दै उहाँले कर प्रशासनले गरिरहेका केही कार्यहरूलाई सरकारी गैरसरकारी तथा निजीक्षेत्रसँग समन्वय र सहकार्य गर्न समेत सुझाव दिनुभयो । नेपालजस्तो अल्प विकसित देशहरूमा स्वेच्छाले भन्दा करकापले कर तिर्ने प्रबृत्ति रहेको हुँदा कर प्रशासन सक्रिय एवं सक्षम हुनु पर्नेमा जोड दिंदै स्वेच्छिक कर सहभागिता जनाउने व्यक्तिलाई भन्दा कर सहभागिता नजनाउने व्यक्तिको पहिचान गरी कारवाही गर्नु पर्ने, दर्ता हुनु पर्ने व्यक्ति दर्ता नभई कारोबार गर्ने व्यक्ति, बहाल आय आर्जन गर्ने तर कर नतिर्ने व्यक्ति, कर नतिरी बक्यौता राख्ने र कर चुहावट गर्ने व्यक्तिलाई पहिचान गरी सशक्त कारवाही गर्न निर्देशन दिनुभयो ।

मूल्य अभिवृद्ध कर छलीलाई गम्भीर आर्थिक अपराधको रुपमा लिनु पर्ने र यस्तो कार्यमा संलग्न व्यक्ति तथा निकायलाई हदैसम्मको कारवाही गर्नुपर्ने भन्दै यसमा कुनै कसर बाँकी नराख्न र यस्तो छलिको कारबाहीको आयोगमा नियमितरुपमा प्रतिवेदन गर्न निर्देशन दिनुभयो । बजारमा खरिद बिक्री गर्दा बिजक जारी नगर्ने, गरे पनि न्यून कारोबार मूल्य देखाई बिजक जारी गर्ने प्रबृत्तिलाई सशक्त एवं प्रभावकारी बजार अनुगमन गरी बिल लिने दिने पद्दतिको विकास गर्नु पर्नेतर्फ विभागलाई निर्देशन दिनुभयो। निर्देशनका क्रममा माननीय श्री कार्किले कर अधिकृतहरूको क्षमतामा शंका नगरी उनीहरूको सक्रियतामा शंका रहेको भन्दै कर प्रशासनका पदाधिकारीहरूलाई निर्धक्क भई मोलाहिजा नगरी, दुरायशयुक्त भावना नराखी कर कानूनले दिएको दायित्व पूरा गर्न निर्देशन दिनुभयो । नभएको अधिकार प्रयोग गर्ने, भएको अधिकारको दुराशयपूर्ण भावना राखी प्रयोग गर्ने कार्य जति अक्षम्य रहेको छ, भएको अधिकार प्रयोग नगरी अनिर्णयको बन्दी हुनु पनि अख्तियारको दुरुपयोग नै हो र यसमा त्यस्ता सार्वजनिक पदाधिकारीहरूलाई कारवाही गरिने विषयमा सबैको ध्यानाकर्षण गर्नु भयो । यस सम्बन्धमा आयोगले सार्वजनिक पदाधिकारीहरूको सुक्ष्म रुपमा निगरानी गरिरहेको जानकारी दिनुभयो ।

यसै गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुशासन एवं विधिको शासनमा जोड दिएको विषयमा आयोगको कार्यनीति स्पष्ट पार्नुभयो । यसैगरी सार्वजनिक पदाधिकारीले पदीय दायित्व निवार्ह गर्दा जनतालाई केन्द्रमा राखी सरकारप्रतिको विश्वसनीयता बढाउने गरी कारवाही गर्न आग्रह गर्नुभयो । यसको लागि आयोगले सार्वजनिक पदाधिकारीहरूको काम कारवाही, व्यवहार तथा आचरणको निरन्तर र सुक्ष्म अनुगमन गरिरहेको विषय उल्लेख गर्नुभयो। यस सन्दर्भमा २०३३ सालको सामाजिक सुधार ऐनको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरिनेछ भन्नुभयो। कर प्रशासनका कर्मचारीहरूले सामाजिक तथा सांस्कृतिक कार्यहरू गर्दा तडक भडक नगर्न र बानी व्यवहार, सरसंगतमा सुधार गर्न निर्देशन दिदै कुनै कमजोरी फेला परेमा क्षम्य नहुने धारणा व्यक्त गर्नुभयो। कर अधिकृतहरूलाई असल नियतले गरेको काममा आयोगले सहयोग गर्ने र गलत मनसाय राखी अख्तियारको दुरुपयोग गरेमा जो कोहीलाई कारवाहीको दायरामा ल्याउने बताउनुभयो । कर प्रशासनमा कार्यरत कर्मचारीहरूले आफ्नो तजबिजी अधिकारको प्रयोग घटाउने र यदि प्रयोग गर्नै परेमा कार्य एकरुपता ल्याउन स्पष्ट र पारदर्शी कार्यविधि तथा कार्य निर्देशिका जारीगरि सो बमोजिम कार्यसम्पादनमा एकरुपता ल्याउनु पर्ने विषयलाई जोड दिनु भयो। सार्वजनिक पदाधिकारीले आर्थिक सामाजिक एवं भौतिक विकासलाई अवरुद्ध हुने गरी कुनै पनि निर्णय वा अनिर्णय गर्न नहुने विषयमा पनि प्रकाश पार्नुभयो ।

यस अवसरमा विभागका महानिर्देशक श्री टंकमणि शर्माले विभागको राजस्व असुली, कराधार विस्तार, कर परीक्षण, कर छलिको छानबिन, कर निर्धारण तथा बक्यौता असुलीको विषयमा विभागीय कार्य प्रगतिको विषयमा प्रकाश पार्नु भयो । अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाका सहसचिव श्री राजन खनालले कर प्रशासनका कर्मचारीहरूले कर्तब्य निर्वाह गर्दा तथा कर कानुनहरूको कार्यान्वयन गर्दा आई पर्ने समस्या र चुनौतिको विषयमा प्रकाश पार्नु भयो। यस सन्दर्भमा सहसचिव खनालले कानुनको फरक फरक व्याख्या हुने सम्भावना, कर निर्धारण गर्न पर्याप्त सूचनाको अभाव तथा शान्ति सुरक्षाको चुनौतिपूर्ण अवस्थाले गर्दा कर अधिकृतहरूले निर्धक्क रुपमा कार्य सम्पादन गर्ने चुनौति रहेको विषयमा प्रकाश पार्नु भयो। साथै यस समारोहमा सहभागी प्रमुख कर प्रशासक तथा प्रमुख कर अधिकृतहरूले पनि विद्यमान समस्या र चुनौतिका विषयमा प्रकाश पार्नु भएको थियो। कार्यक्रमको अन्त्यमा, महानिर्देशक श्री टंकमणि शर्माले माननीय प्रमुख आयुक्त श्री कार्कीले दिनुभएको निर्देशनहरूको परिपालना तथा कार्यान्वयन गर्न व्यक्तिगत एवं संस्थागतरुपमा विभाग मातहतका करिब १०० जना अधिकृत कर्मचारीहरूलाई निर्देशन दिदै प्रतिबद्धता व्यक्त गर्नु भयो ।

# व्यवसायिक लागत र समय घटाउन निर्देशन

आन्तरिक राजस्व विभागको वार्षिक व्यवस्थापन गोष्ठीको साउन २५ गते प्रमुख अतिथि माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाले पासनमा दीप प्रज्वलन गर्दै समुद्घाटन गर्नु भयो । देशभरका आन्तरिक राजस्व कार्यालयहरूमा कार्यरत एकसयभन्दा बढी कर प्रशासकहरूको उपस्थिति रहेको सो गोष्ठीलाई सम्बोधन गर्दै माननीय अर्थमन्त्री श्री कोइरालाले मुलुकको कर राजस्वको झण्डै ४० प्रतिशत हिस्सा उठाउने आन्तरिक राजस्व विभाग अन्तर्गका कर्मचारीहरूले अर्थमन्त्री, प्रवाहित गर्ने बजेटको लक्ष्य रहेको कुरा समेत स्पष्ट पार्नुभएको थियो । विगत वर्षहरूमा राजस्व संकलनमा प्रशस्त सुधार भएकोमा यसलाई निरन्तरता दिन निर्देशन दिंदै हालको बजेटले ल्याएका केही राजस्वका योजनाहरू **(schemes)** को बारेमा समेत प्रष्टयाउनु भयो । करदाताहरूलाई सहयोग गर्नकै लागि करदाता सेवा कार्यालयहरूको स्थापना भएको धारणा व्यक्त गर्नुहुँदै माननीय अर्थमन्त्रीले कर्मचारीहरूको करदाता सेवा कार्यालयमा जान नचाहने प्रवृत्तिलाई निरुत्साहित गर्न



माननीय महालेखा परीक्षक श्री भानुप्रसाद आचार्य, राष्ट्र बैंकका श्री गभर्नर युवराज खतिवडा र अर्थ सचिव श्री शान्तराज सुवेदी

अर्थसचिव र महानिर्देशकको निर्देशनबाट होईन स्वनियन्त्रणका आधारमा सदाचारिता कायम गर्दै आम करदाताहरूको **Doing Business Cost** र **Doing Business time** घटाउने तर्फ क्रियाशील रहन निर्देशन दिनुभयो । सो अवसरमा माननीय अर्थमन्त्रीले मूल्य अभिवृद्धि कर र अन्तःशुल्क संकलनमा आसातित सफलता प्राप्त नभए पनि आयकर संकलनमा र करदाता दर्तामा प्राप्त भएको सफलता महत्वपूर्ण रहेको बताउनुभयो । वार्षिक राजस्व संकलनको लक्ष्यपुरा गर्न निर्देशन दिंदै माननीय अर्थमन्त्रीले यसैको आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन हुने समेत प्रष्ट पार्नुहुँदै गोकर्णको तीनदिने बसाईलाई बढीभन्दा बढी सहभागितामूलक बनाउन कर प्रशासकहरूलाई आग्रह गर्नुभयो । उठ्नु पर्ने राजस्व र वास्तविक रुपमा उठिरहेको राजस्वको बीचको अन्तर कम गर्न राजस्वमा लुकेका र सम्भावित क्षेत्र पहिचान गरि बांकी रहेका सवैक्षेत्रलाई करको दायरामा ल्याउन निर्देशन गर्नुभयो । अर्थमन्त्री श्री कोइरालाले पूर्ण बजेट समयमै आएकाले आगामी वर्ष अर्थतन्त्र थप गतिशिल हुने र राजस्व लक्ष्य पूरा हुने धारणा व्यक्त गर्नुभयो । सो क्रममा माननीय अर्थमन्त्रीले आयातमुखी अर्थतन्त्रलाई उत्पादनमूखी अर्थतन्त्र तर्फ थप प्रोत्साहन भत्ता दिनुपर्ने भए दिनेतर्फ अर्थमन्त्रालय सकारात्क रहेको धारणा राख्दै विगत वर्षहरूमा झैं यो वर्षपनि प्रोत्साहन भत्ता कायम गर्ने सम्बन्धमा आफूले पहल गरिरहेको धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा अर्थसचिव श्री शान्तराज सुवेदीले बजेट कार्यान्वयनको एउटा पाटो मात्र कर संकलन रहेको बताउनुहुंदै करको ठूलो हिस्सा व्यापारीहरूले नभै उपभोक्ताहरूले तिर्ने गरेको बताउनुभयो ।

सो क्रममा अर्थसचिव श्री सुवेदीले हाल झण्डै १० लाखको हाराहारीमा रहेको करदाताको संख्या बढाएर १४ लाख पुऱ्याउनु पर्ने बताउनुभयो । उहाले बजेटले प्रदान गरेको योजना (Scheme) को सदुपयोग गर्न आग्रह गर्दै कर बक्यौता अत्यन्त ठूलो रहेकाले यसको लागि निश्चित कार्या योजना बनाएर अघि बढ्न निर्देशन दिनुभयो । अर्थ मन्त्रालय राजस्व महाशाखाका प्रमुख राजन खनालले विद्यमान राजस्व नीतिका बारेमा प्रश्टयाउदै संसारमा मृत्यु र कर अकाट्य सत्य भएको बताउनु भयो । साथै उहाँले एकपटक आउने मृत्युभन्दा वर्षेनी तिर्नुपर्ने कर चुनौतिपूर्ण रहेको औंल्यानु भयो । उहाँले कर सङ्कलनमा वृद्धि गर्न आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग र

बाँकी ५ पेजमा....

# अस्वभाविक जीविकोपार्जन गर्ने व्यक्तिहरुलाई करको दायरामा ल्याउन आग्रह

आन्तरिक राजस्व विभागले काठमाडौंको गोकर्णमा आयोजना गरेको व्यवस्थापन गोष्ठीको दोस्रो दिन साउन २६ गते शनिवारका मुख्य अतिथि मुख्य सचिव श्री लीलामणि पौडेलले कर प्रशासकहरूहरूलाई निर्देशन दिंदै असल नियतले कार्य गर्दा गर्दै अन्याय परेको खण्डमा सुपरीवेक्षकलाई जानकारी गराउने र त्यहांबाट समाधान नभएमा आफू समक्ष आउन आग्रह गर्नुभयो । यसै क्रममा



कर्मचारीहरुलाई निर्देशन दिनु हुँदै मुख्य सचिव श्री लीलामणि पौडेल

उहाँले आफूलाई अन्याय नपरोस् भन्ने चाहना राख्नेले आफ्ना मातहतका कर्मचारीलाई पनि अन्याय गर्न नहुने भन्दै अन्याय परेको खण्डमा आंफूलाई सम्पर्क गर्न आग्रह गर्नुभयो । यसै क्रममा उहाँले राजस्व प्रशासनसंग सम्बन्धित ऐन, कानुन र पद्दतिमा रहेर कार्यगर्न निर्देशन दिनुभएको थियो । कर प्रशासन सुधारउन्मुख रहेको र आयकरको वृद्धिदर उत्साहजनक रहेको बताउदै उहाँले २४ प्रतिशतले आयात बढेको र आयातित वस्तुको मूल्यबृद्धिदर २० प्रतिशत रहेको सन्दर्भमा २० प्रतिशत मात्र राजस्व वृद्धि हुनु महत्वपूर्ण कुरा नभएको बताउनु भयो । करको दायरा बढाउन वकिल, डाक्टरलगायत अन्य पेशाकर्मि एवं अस्वभाविक जीविकोपार्जन गर्ने व्यक्तिहरूलाई करको दायरामा ल्याउन आग्रह गर्दै कर छली गर्ने व्यक्तिहरू खोज्न हुम्ला, जुम्ला जान नपर्ने बताउदै कर छल्नेहरू आफू वरिपरि घुमिरहेको हुने बताउनुभयो । समाजलाई स्वच्छ एवं सदाचारयुक्त तुल्याउन अस्वभाविक जीवन यापन गर्ने व्यक्तिहरूलाई करको दायरामा ल्याउनु पर्ने भन्दै जोखिम मोलेरै भएपनि वस्तुगत एवं महत्वपूर्ण सुधारको कार्य गरेर देखाउन आग्रह गर्नुभयो । फजुल खर्च नियन्त्रण गर्न सरकारी कर्मचारीले कुनै पार्टी प्यालेसमा भोज, भतेर तथा सामाजिक प्रदर्शन गरेर गरेको खर्चमा कर तिरेको हो कि होइन हेर्नुपर्ने र भड्किलो तथा आडम्बरयुक्त जीवन नविताउन समेत आग्रह गर्नुभयो । कर प्रशासकहरूलाई विकृतिको कारण र राजनीतिको घोडा नबन्न आग्रह गर्नुभयो । उहाँले विश्वमा कुनै पनि मानिस राजस्व र श्रमको

बाँकी ५ पेजमा....





कार्यक्रमलाई सम्बोधन गर्दै सहसचिव श्री राजन खनाल, नेउवामसंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारलगायत अन्य वक्ताहरु






## व्यवसायिक लागत.... (४ पेजको बांकी)

भंसार विभागको सूचना प्रविधिको प्रणालीलाई एकअर्कामा जोड्नु पर्ने धारणा व्यक्त गर्नुभयो । उहांले करदाताहरूको सुविधाका लागि अनलाइनमा Tax Calculator को व्यवस्था गरिएको बताउँदै कर निर्धारण गर्दा समतामूलक व्यवहार गरिने र हालसम्म करदाताले उठाएका विषयलाई सम्बोधन गरिने बताउनुभयो ।

महानिर्देशक श्री टंकमणि शर्माले यस पटकको वार्षिक व्यवस्थापन गोष्ठीमा उपभोक्ता, पेशाकर्मी र निजी क्षेत्रलाई समेत सहभागिता गराइ अन्तर्क्रिया कार्यक्रम समेत राखिएको बताउनुभयो । गत वर्ष पाँच वर्षे रणनीतिक योजना र तीन बर्षीय कर प्रणाली सुधार कार्ययोजना लागू गरिएको कारण कर प्रशासन कुन दिशामा अगाडि बढेको छ भन्ने स्पष्ट भएको भन्दै महानिर्देशक श्री शर्माले आम करदाताहरूप्रति कर बुझाएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्री भाष्करराज राजकर्णिकारले निजी कामको लाभ र हानीका विषयलाई लिएर महासंघ सरकार समक्ष नगएको स्पष्ट पार्नुभयो । उहाँले कर छलि गर्नेलाई छुट्याउनु पर्ने भन्दै सबैलाई एउटै घानमा हालेर नहेर्न आग्रह गर्नुभयो । सबै करदाताले जुनसुकै बैंकबाट राजस्व जम्मा गर्न सक्ने व्यवस्था मिलाइदिन आग्रह गर्दै प्रशासकीय पुनरावलोकन र राजस्व न्यायाधीकरणमा पुनरावेदनका लागि जादा राख्नुपर्ने धरौटी घटाउनु पर्ने बताउनुभयो । उहांले कम्तिमा एकपटकका लागि सम्पत्तिको स्वघोषणा गर्न पाउने व्यवस्था लागूगर्न समेत माननीय अर्थमन्त्री समक्ष आग्रह गर्नुभयो ।

कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष श्री ज्योति बानियांले देश गरिब हुँदै जानु तर व्यक्तिहरू धनी भैरहेकाले कर प्रशासन चनाखो हुनुपर्ने देखिएको बताउनुभयो । नेपाल समुद्रपार निकासी पैठारी संघका प्रतिनिधिले २०-२५ वर्षमा ठूलो परिवर्तन भएको धारणा राख्दै कर तिर्ने दायित्व सधै पूरा गर्ने बताउनुभयो । कार्यक्रममा चार्टर एकाउन्टेन्ट संघका अध्यक्ष श्री महेन्द्र गुरागाईं लेखापढी संघका श्री डोलप्रसाद दाहालले समेत आ आफ्ना धराणा राख्नुभएको थियो । विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीको स्वागत मन्तव्यबाट प्रारम्भ भएको सो कार्यक्रम अनुगमन शाखाका निर्देशक श्री महाराज कोइरालाले सञ्चालन गर्नुभएको थियो ।

व्यवस्थापन गोष्ठीको दिवा सत्रमा सहमहालेखा नियन्त्रक श्री राजु डोटेलले महालेखा नियन्त्रकको कार्यालयका तर्फबाट कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र पश्चात् अतिथि वक्ताका रुपमा महालेखा नियन्त्रक श्री भानुप्रसाद आचार्यले महालेखा नियन्त्रकको हैसियतबाट उपस्थित सम्पूर्ण कर प्रशासकहरू समक्ष आफ्ना धारणा राख्नु भएको थियो ।

अर्को प्रस्तुति नेपाल राष्ट्र बैंकका गभर्नर श्री डा. युवराज खतिवडाको रहेको थियो । सो क्रममा श्री डा. खतिवडाले Fiscal and Monetary Policy Linkages: Implication for Taxation विषयक कार्यपत्र प्रस्तुत गर्दै राष्ट्र बैंकले अवलम्बन गर्ने मौद्रिक नीतिले कर संकलन कसरी प्रभावित हुन्छ भन्ने विषयलाई प्रष्ट्याउनु भएको थियो । अतिथिहरूको कार्यपत्रहरूको प्रस्तुति पश्चात आन्तरिक राजस्व विभागको नीति विश्लेषण महाशाखाको उपमहानिर्देशक श्री राजेन्द्रप्रसाद शर्मा र अनुगमन शाखाका निर्देशक श्री महाराज कोइरालाले छुट्टा छुट्टै कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो । श्री शर्मा र श्री कोइरालाको कार्यपत्रमाथि अर्थ मन्त्रालयका सहसचिव श्री राजन खनालले टिप्पणी गर्दै करारोपण गर्दा कानून र लेखाको आधारमा Right Taxation गर्नुपर्ने बताउनुभयो ।

तत्पश्चात् विभागका सञ्चालन महाशाखाका उपमहानिर्देशक श्री गणेश पाण्डेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यपत्रमाथि अर्थमन्त्रालयका सहसचिव श्री कृष्णप्रसाद देवकोटाले टिप्पणी गर्नुभएको थियो । महानिर्देशक श्री शर्माको धन्यवाद ज्ञापनसंगै पहिलो दिनको कार्यक्रम समापन भएको थियो ।

## अस्वभाविक.....(४ पेजको बांकी)

अधिकतम दोहन नगरी रातारात धनी हुन सक्दैन भन्दै राज्यमा अनुशासनहिनता बढेको हुँदा त्यसतर्फ समयमै ध्यान दिन आग्रह गर्नुभयो । गोष्ठीको दोस्रोदिन श्रावण २६ गते अन्तःशुल्क एवं प्रशासन महाशाखाका उपमहानिर्देशक श्री राममणि दुवाडीले कार्यपत्र प्रस्तुति गर्नुभएको थियो । सो कार्यपत्रमाथि अर्थ मन्त्रालयका सहसचिव श्री शिशिरकुमार ढुंगानाले टिप्पणी गर्नुभएको थियो । दोस्रो दिनको दिवा सत्रमा २३ वटै आन्तरिक राजस्व कार्यालयहरू, उपत्यका भित्रका १३ वटा र उपत्यका वाहिरका १३ वटै करदाता सेवा कार्यालयसँग सम्बन्धित प्रस्तुतिहरू पेश भएका थिए । उक्त सबै कार्यपत्रहरूमाथि विभागका सबै उपमहानिर्देशकहरू तथा महानिर्देशकले टिप्पणी तथा उठेका जिज्ञासाहरूको समाधान प्रस्तुत गर्नुभएको थियो । दोस्रो दिनको कार्यक्रमको सञ्चालन विभागका मानव संशाधन शाखाका निर्देशक श्री मदन दहालले गर्नुभएको थियो ।

## गोकर्ण.... (१ पेजको बांकी)

Friendly बन्न, आचरणलाई व्यवहारगतलाई सुधार गर्न निर्देशन दिँदै प्रोत्साहन भत्तालाई यस वर्षपनि निरन्तरता दिने प्रयासमा आफू रहेको बताउनु भयो। माननीय अर्थमन्त्री कोइरालाले गोकर्ण घोषणापत्र र हरेक कार्यालयको कार्यान्वयन कार्य योजना तयार गरेर आफू समक्ष प्रस्तुत गर्न समेत उपस्थित सम्पूर्ण कर प्रशासकहरूलाई निर्देशन दिनुभयो।

### अर्थ सचिव श्री सुवेदीको ३८ बुंदे निर्देशन

कार्यक्रममालाई सम्बोधन गर्दै अर्थ सचिव श्री शान्तराज सुवेदीले गत वर्षको बुढानिलकण्ठ घोषणा पत्रको समिक्षा सहित सम्पन्न भएको व्यवस्थापन गोष्ठीमा उपस्थित कर प्रशासकहरूलाई करको दायरामा नआएका व्यवसायीहरूलाई आर्थिक ऐनले दिएको योजना (Scheme) समेतको जानकारी गराई दर्ताको लागि अभियान सञ्चालन गर्ने, व्यक्तिगत स्थायीलेखा नम्बर प्रदान गर्न घुम्ति टोली परिचालन गर्ने, आयकरमा दर्ता हुनुपर्ने व्यवसायको सुक्ष्म रुपमा अनुगमन र अभिलेख गरी स्किमको म्याद समाप्त भएपछि कानुन बमोजिम दर्ता कारवाही अगाडि बढाउने, अन्तशुल्क इजाजत पत्र नविकरण र दर्ता तथा मूल्य अभिवृद्धि करमा थ्रेसहोल्ड नाघेका एवं अनिवार्य दर्ता हुनुपर्ने व्यवसायलाई स्किमले नसमेटेको हुदा यी क्षेत्रमा दर्ता अभियान तत्कालै थाल्ने, आर्थिक ऐनले दिएको सुविधा अनुसार कर बुझाई दर्ता हुने व्यवसायीको दर्ता संस्था, कारोवार र बुझाएको कर देखिने गरी छुट्टै अभिलेख राखी नियमित रुपमा विभाग र मन्त्रालयमा प्रतिवेदन गर्ने, आगामी तीन वर्षमा कूल जनसंख्याको कम्तिमा ५ प्रतिशत Registred करदाता पुऱ्याउने गरी कार्य योजना बनाई कार्यान्वयनमा ल्याउने, कर संकलनलाई उच्च प्राथमिकता दिने, कर संकलनमा करदाता सेवा कार्यालयका प्रमुखहरूलाई थप जिम्मेवार बनाउने, बक्यौता आयकर बढ्दै गएकाले समय र रकम अनुसार बर्गीकरण गरी असुलीमा जोड दिने, आयकर तथा मु.अ.कर विवरण नबुझाउनेको संख्या विगत वर्षहरूको तुलनामा अत्याधिक रुपमा बढ्दै गएको देखिएकोले **Non filer** घटाउन यस्ता करदाताको विवरण भन्सार विभागमा उपलब्ध गराई आयात निर्यात रोक्का राख्न लगाउने, मु.अ.कर तर्फ क्रेडिट विवरण अत्याधिक बढ्दै गएकाले अनुगमन, मौज्दात भिडान, अनुसन्धान आदि प्रकृयाको माध्यमबाट क्रेडिट विवरणको सुक्ष्म निगरानी गर्ने, मु.अ.कर तर्फ नै शून्य विवरण बुझाउने करदाताको पनि सुक्ष्म निगरानी गरी नमुना छनौट गरी कर परीक्षण तथा अनुसन्धान गर्ने, स्रोतमा करकट्टी गर्ने तर समयमा नबुझाउने वा बुझाउँदै नबुझाउने प्रवृत्ति बढ्दै गएकाले निगरानी र अनुगमन गर्ने, भौतिक नियन्त्रण प्रणाली अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने प्रतिष्ठानहरूको कच्चा पदार्थ खरीद/आयात, खपत, Processing Loss एवं उत्पादनको विश्लेषण गर्ने परिपाटी बसाल्ने, मदिराको बोतलमा लगाउने स्टीकर नक्कली पाइएको अवस्थामा यसको थप अनुगमन गर्ने, अन्तः शुल्कको स्टिकरमा दिगो व्यवस्थापनको आधार खडा गर्ने, सूर्तिजन्य पदार्थमा स्टिकरको प्रयोगको प्रभावकारी अनुगमन गर्ने, फ्लो मिटर पूर्ण रुपमा असफल भएको देखिएकोले यसको वैकल्पिक व्यवस्था गर्ने, कर परीक्षणको लागि छनौट प्रकृयामा थप सुधार गरी जोखिममा आधारित छनौट प्रणाली अवलम्बन गर्ने, एउटै विषय एवं समस्याको कर अधिकृत र कार्यालय अनुसार फरक फरक व्याख्या विश्लेषण र सोही अनुसार कर निर्धारण गर्ने परिपाटीको अन्त्य गर्ने, आयकर तर्फ आय विवरण पेश नगर्ने करदाताहरूको संशय कर निर्धारण गर्ने कार्यलाई प्रभावकारी बनाउने, घर बहालकरको अनुगमन र सर्वेक्षणलाई थप प्रभावकारी बनाई बहाल करको दायरा बढाउने, एकीकृत बजार अनुगमनलाई तिव्रता दिनुका साथै बजारमा विल विजक लिने दिने कार्यलाई अनुगमनमा विशेष ध्यान दिने, पूँजीगत लाभकरको गणनामा आवश्यक परे मालपोत कार्यालयहरूलाई सहयोग गर्ने, सूचना प्रविधिको बढीभन्दा बढी प्रयोग गर्न प्रोत्साहन गर्ने, करदाता शिक्षा एवं सेवा प्रवाहको माध्यमबाट करदाताहरूको कर सहभागितामा वृद्धि गराउने, राष्ट्रिय पत्रपत्रिकाहरूमा उठेका कर सम्बन्धी विषयहरूलाई गम्भीरतापूर्वक लिई छानविन गर्ने, इ-पेमेण्टमा जानको लागि यसको पूर्वाधार तयार गर्ने, विभागको पाँच वर्षे रणनीतिक योजना र तीन वर्षे सुधार योजनालाई तत्काल कार्ययोजना सहित कार्यान्वयनमा ल्याउने, काठमाडौं उपत्यका बाहिरका कार्यालय प्रमुखहरूले महानिर्देशकको पूर्व स्वीकृति विना कार्यालय नछाड्ने, काबु बाहिरको परिस्थिति बाहेक लामो विदा नलिने, अधिकृतस्तरका कर्मचारीलाई लामो विदामा छाड्दा विभागलाई अग्रिम जानकारी गराएर मात्र छाड्ने, आगामी संविधानसभा निर्वाचनमा आआफ्नो भूमिका अनुसार आआफ्नो क्षेत्रबाट सहयोग गर्ने, स्थानिय स्तरमा राजस्व प्रशासनका कार्यालयहरू, स्थानीय प्रशासन, सुरक्षा निकाय, स्थानिय उद्योग वाणिज्य संघ लगायतका संघसंस्थाहरूसंग समन्वय गरी कार्य सम्पादन गर्ने, कामप्रतिको समर्पण, इमान्दारिता र उच्च नैतिकता राष्ट्र सेवक कर्मचारीहरूका आदर्श भएकाले यी विषयहरूलाई अत्यन्त गम्भीरतापूर्वक लिई कार्य सम्पादन गर्ने, राजस्व प्रशासनको छवी उच्च बनाउने दायित्व र जिम्मेवारी राजस्व प्रशासनमा काम गर्ने कर्मचारीहरूकै हातमा रहेकोले यस विषयमा विशेष सजग रहने, कार्यालयमा आउने समस्याहरू तत्काल विभाग तथा मन्त्रालयमा जानकारी गराउने लगायतका ३८ बुँदे निर्देशन प्रदान गर्नुभयो।

सो कार्यक्रममा अर्थ मन्त्रालय राजस्व महाशाखाका सहसचिव श्री राजन खनालले घोषणा पत्रको कार्यान्वयनमा देखिने चुनौतितर्फ ध्यानाकर्षण गराउँदै कर कानुनको जटिलतालाई प्रकृयागत सरलीकरण गर्न, करको गणनामा रहेको समस्या समाधान गर्न, न्यूनतम लागतमा कर तिर्ने वातावरण सृजना गर्नेतर्फ ध्यान दिन उपस्थित कर प्रशासकहरूलाई आग्रह गर्नुभएको थियो। उहाँले गोकर्ण घोषणा पत्रमा प्रकृयागत सरलीकरण गर्ने, करदाताको कर पालना लागत र समय घटाउने विषयहरू समावेश भएकोमा खुसी व्यक्त गर्नुभयो। राज्यप्रतिको दायित्वबोध गरेर श्रोत व्यवस्थापनमा लाग्न निर्देशन दिँदै सूचना प्रविधिको प्रयोगमा मात्र होईन यसको दिगोपनाको विषयमा, करदाता सेवा कार्यालयहरूको भौतिक संरचनाहरूका विषयमा, कार्यरत जनशक्तिको क्षमताको विकासको विषय विशेष ध्यान दिनुपर्ने विषय रहेको बताउनुभयो।

सो अवसरमा आफ्ना धारणा राख्नुहुँदै महानिर्देशक श्री टंकमणि शर्माले यस व्यवस्थापन गोष्ठीमा लगातर ३६ घण्टाभन्दा बढी काम गरेर घोषणा पत्र तयार गर्न सफल भएको भन्दै सो दस्तावेजको सफल कार्यान्वयनको प्रतिवद्धता व्यक्त गर्नुभयो। समापन समारोहको सभापतित्व समेत गर्नुभएका महानिर्देशक श्री शर्माले कर कानून राम्ररी पढेर मात्र कार्यालयमा कार्य गर्न समेत निर्देशन गर्नुभयो। **Thinkers Think and Doers Do** भन्दै महानिर्देशकले मन्त्रालय र विभागलाई नीति तहको कार्य गर्न दिनका लागि कार्यालयहरूले कर कानूनको कार्यान्वयन गर्ने सक्षमताको विकास गर्नुपर्ने धारणा राख्नुभयो। सो कार्यक्रममा उपमहानिर्देशक श्री राजेन्द्रप्रसाद शर्माले ५३ बुँदे गोकर्ण घोषणापत्रको वाचन गर्नुभएको थियो।

# गोकर्ण घोषणापत्र, २०७०

आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयका पदाधिकारीहरू २०७० श्रावण २५ देखि २७ गतेसम्म काठमाडौंको गोकर्णमा आयोजित व्यवस्थापन गोष्ठीमा सहभागी भै गत आर्थिक वर्षमा सम्पन्न कार्यहरूको समिक्षा र चालु आर्थिक बर्षको विभागको लक्ष्य प्रगति एवं कार्यक्रम सम्पादन गर्ने सम्बन्धमा छलफल गरी सुझावहरू सम्लग्न गरेर यो दस्तावेज तयार गरिएको छ। नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आ.व. २०७०/०७१ को बजेट तथा आर्थिक अध्यादेश एवं आन्तरिक राजस्व विभागको पांच वर्षीय रणनीतिक योजना तथा तीन बर्षीय सुधार योजनालाई आधार मानी सम्पूर्ण करदातालाई केन्द्रविन्दुमा राखी निम्नानुसारको कार्यहरूको माध्यमबाट विभागीय उद्देश्य तथा लक्ष्य पूरा गर्ने प्रतिवद्धता सहित यो घोषणपत्र जारी गरिएको छ। यस घोषणा पत्रको नाम **गोकर्ण घोषणा पत्र** राखिएको छ।

## १. कर प्रणाली सुधार

१.१ आर्थिक वर्ष २०७०।०७१ लाई पनि आर्थिक वर्ष २०६९।७० जस्तै कर प्रणाली सुधार वर्ष कै रुपमा निरन्तरता दिई खोज एवं अनुसन्धानमा आधारित कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक कर शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरिनेछ। सूचना, प्रमाण र अन्वेषणमा आधारित कर छली अनुसन्धान, जोखिमका सूचकांकमा आधारित कर लेखापरीक्षण, कारोवारमा आधारित करदाताको वर्गीकरण, कार्यगत कार्यवोझमा आधारित संगठनात्मक व्यवस्था, पेशागत दक्षतामा आधारित कर प्रशासन, न्यायिक सिद्धान्तमा आधारित कर निर्धारण र पुनरावलोकन, स्वयं घोषणामा आधारीत कर प्रणाली उपागम अवलम्वन गरी कर प्रशासन संचालन गरिनेछ।

१.२ कर प्रणालीको पाँच बर्षीय रणनीतिक योजना तथा तीन बर्षीय कर प्रणाली सुधार कार्ययोजना कार्यान्वयन तथा अनुगमनको लागि विभागमा कर प्रणाली सुधार ईकाई (Tax System Reform Unit ) स्थापना गरिने छ। सो इकाई मार्फत ती योजनामा उल्लेख गरिएका कार्यक्रमहरूको कार्यान्वयन तथा अनुगमन गरिने छ।

१.३ विद्यमान आयकर ऐन तथा अन्तशुल्क ऐन लागू भएको १२ बर्ष पुरा भएको तथा मूल्य अभिवृद्धि कर प्रारम्भ भएको १६ बर्ष पूरा हुन लागेको सन्दर्भमा अन्तर्राष्ट्रियस्तरमा आएको परिवर्तन तथा हाम्रो परिवर्तित परिवेशलाई समेत आत्मसात गर्दै कर कानूनमा समय सापेक्ष सुधारका लागि अध्ययन तथा विश्लेषण गर्न विशेषज्ञहरू सहितको एक उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग गठन गर्ने भनि माननीय अर्थमन्त्रीको चालु आ.व.को वजेट वक्तव्यमा उल्लेख भएको हुँदा सो अनुसार गठन हुने आयोगले दिने सिफारिस बमोजिम कर प्रणाली र कर प्रशासनमा समयानुकुल सुधार गरिने छ।

१.४ कर प्रणालीलाई थप प्रभावकारी वनाउने तथा बढ्दो विश्वव्यापीकरणले यसमा ल्याएको परिवर्तनलाई सम्बोधन गर्न अन्तर्राष्ट्रियस्तरको स्थायी संस्थापन निर्देशिका, मूल्य हस्तान्तरण निर्देशिका, दीर्घकालिन करार निर्देशिका, दोहोरो कर मुक्ति संम्झौताको नेपालको ढाँचा, करदर्ता र कर संकलन, पूर्वादेश सम्बन्धी निर्देशिका तयार गरी लागू गरिनेछ। अन्तर्राष्ट्रिय कर नीति अर्न्तगत दोहोरो कर मुक्ति संम्झौता, मूल्य हस्तान्तरण, कर लेखा परीक्षण, कर सम्बन्धी सूचनाको आदान प्रदान आदिलाई व्यवहारिक रुपमा नै कार्यान्वयन गर्ने क्षमता वृद्धि गर्ने तर्फ जोड दिइने छ। नेपाललाई प्रत्यक्ष फाइदा पुग्ने तथा थप लगानीका सम्भावना भएका मुलुकहरूसँग दोहोरो करमुक्ति सम्झौता गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै कर प्रणालीका सन्दर्भमा अन्य मुलुकमा भएका विकास र नेपालको आवश्यकता सम्बन्धमा निरन्तर खोजविन र विश्लेषण गर्ने संयन्त्रको व्यवस्था गरिनेछ।

## २. कार्यप्रणाली सुधार

२.१ करसेवा र शिक्षासम्बन्धी कार्यहरूलाई core र non core कार्यमा विभाजन गरी non core कार्यहरू बाह्य सेवा प्रदायक संस्थाहरू मार्फत सञ्चालन गरिनेछ। करदाताहरूलाई कानूनी राय परामर्श दिने संयन्त्रको विकास गरिनेछ। साथै कर कानूनहरूको सहि रुपमा पालन गर्न मध्यस्थको रुपमा रहेका कर लेखापरीक्षक र कर परामर्श दाता तथा कानुन व्यवसायीहरूलाई अभिमुखीकरण तालिममा संलग्न गराईने छ।

२.२ करदाताहरूको व्यावसायिक लागत (Doing Business Cost) घटाउन, गुणात्मक सेवा प्रवाह गर्न र कानूनको परिपालना गराई कर सहभागिता वृद्धि गर्न तथा कर छलीलाई निरुत्साहित गर्न करदाताहरूलाई लघु, साना, मध्यम र ठूला करदातामा बर्गीकरण गरिनेछ। यसै आर्थिक बर्षमा लघु, साना तथा मध्यमस्तरीय करदाता (Micro, Small & Medium Enterprises) को कर प्रणाली सम्बन्धी विस्तृत अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ।

२.३ विभाग मातहतबाट हुने कार्यहरूको नियमित अनुगमन तथा निरीक्षणको माध्यमबाट निगरानी गरिनेछ। कार्यालयहरूबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुनिश्चितता गरिनेछ। करदाताहरूलाई विना झन्झट कर तिर्ने वातावरण तयार गरिनेछ। आम नागरिक, करदाता र सरोकार समूहको गुनासो सुनुवाइ तथा सम्वोधनको उचित प्रवन्ध मिलाइनेछ। हटलाईन, कल सेन्टर तथा उजुरी पेटिकाहरू मार्फत् गुनासो प्राप्त गरी समाधान गरिनेछ।

२.४ विभाग तथा मातहत कार्यालयहरूबाट कर शिक्षा, सूचना, सञ्चार, बजार सर्वेक्षण तथा अनुगमन, अन्तर्क्रियालगायत अन्य जागरणका कार्यहरू गरिनेछ। खास खास विषयहरूमा आवश्यकता अनुसार उपभोक्ता हित संरक्षण मञ्च, उद्योग वाणिज्य संघहरू लगायत नीजि क्षेत्रका संघ संस्था एवं निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ। विभाग तथा मातहतका कार्यालयहरूबाट भए गरेका कार्यहरूको कानुनले गोप्यता राख्नु पर्ने उल्लेख भए वाहेकका विवरणहरू आवश्यकता अनुरुप सार्वजनिक गरिनेछ।

२.५ नेपाल चार्टर्ड एकाउन्टेन्ट सस्था, लेखापरीक्षक संघ लगायतका सम्बद्ध निकायहरूसँग करका विविध पक्षमा एवं कर कानून कार्यान्वन सम्बन्धमा आवश्यक राय परामर्श लिने कार्यको थालनी गरिनेछ। साथै यस्ता संघ संस्थाहरूसँग आवद्ध व्यक्तिहरूलाई कर प्रशिक्षण सम्बन्धी श्रोत व्यक्तिको रुपमा समेत परिचालन गरिनेछ। साथै जटिल प्रकृतिका कर परीक्षण र अनुसन्धानमा निजहरूको राय सुझाव लिने कार्यलाई निरन्तरता दिईनेछ।

## ३. राजस्व प्रक्षेपण तथा असुली प्रणाली

३.१ करको दायरामा आएका क्षेत्रको प्रभावकारी अनुगमन तथा दायरामा नआएका क्षेत्रको पहिचान गरी आर्थिक गतिविधि सञ्चालन भएको कारोवारको क्षेत्र (Tax base) का विषयमा वस्तुपरक अध्ययन गरिनेछ। अर्थतन्त्रको गतिशिलताको आधारमा सालवसाली कर राजस्वको लक्ष्य, प्रवृत्ति अध्ययन अनुसन्धान गरी यथार्थपरक ढंगले राजस्व प्रक्षेपण गर्ने विभागको विद्यमान संरचनामा पुनरावलोकन गरी कर अन्वेषण तथा प्रक्षेपणको स्थायी संयन्त्रको व्यवस्था गरिने छ।

३.२ कर प्रक्षेपण प्रणालीमा आधारित कर राजस्वको लक्ष्य निर्धारणगरि संकलन तथा असुली गरिनेछ। चालु आर्थिक वर्षको लागि तोकिएको राजस्व लक्ष्य पूरा गरिनेछ। राजस्व सङ्कलनको प्रबृत्ति विश्लेषण गरी समग्र लक्ष्य पूरागर्न मासिक रुपमा अनुगमन र समीक्षा गरिनेछ।

## ४. कर शिक्षा, सूचना तथा सञ्चार

४.१ उद्योगी तथा व्यवसायी मात्र करदाता हुन् भन्ने विद्यमान आम बुझाइलाई परिवर्तन गरी आय आर्जन गर्ने आम नागरिक करदाता हुन् तथा करको दायरामा आउनु भनेको उद्योग, व्यापार, पेशा, व्यवसाय र सोबाट आर्जन हुने आयलाई वैध बनाउने प्रक्रिया हो भन्ने धारणालाई आम नागरिक र करदाताहरूमा सचेतना जागृत गराउन कर शिक्षा, सूचना तथा सञ्चारका प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरिने छ। यस्कोलागि विभागमा विशेषज्ञहरू रहेको कर शिक्षा, सूचना तथा सञ्चार केन्द्रको स्थापना गरिनेछ।

४.२ करका बारेमा नयाँ पिडीलाई जानकारी दिन उच्च माध्यमिक तहको शैक्षिक पाठ्यक्रममा नेपालको कर प्रणाली सम्बन्धी विषय समावेश गर्न शिक्षा मन्त्रालयसँग समन्वय गरिनेछ। कर जागरण, कर शिक्षा, तालिम जस्ता कार्यक्रमहरूलाई देशव्यापी रुपमा प्रभावकारी बनाइनेछ। कर जागरणका लागि स्थानीय तथा राष्ट्रियस्तरमा समसामयिक विषयहरू समेटी टेलिफिल्म, वृत्तचित्र, जींगल, करगीत जस्ता सामग्रीहरू तर्जुमा गरि प्रकाशन तथा प्रशारण गरिनेछ।

४.३ करदाताको स्तर अनुसार शिक्षा तथा सूचना प्रवाहको व्यवस्था मिलाइने छ। राष्ट्रिय स्तरमा विभाग, स्थानीय तहमा आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यलयहरू एवं नीजि क्षेत्रका प्रतिनिधीमूलक संस्थाहरू मार्फत कर शिक्षा तथा जागरणका कार्यक्रमहरू निरन्तर रुपमा सञ्चालन गरिनेछ। यस अन्तर्गत यस आ.व.मा कम्तिमा १००० कार्यक्रमहरू सञ्चालन गरी कम्तिमा १ लाख मानिसहरूलाई प्रशिक्षित गरिने छ। कर बुलेटिन, ब्रोसर्स, शैक्षिक तथा सूचनामूलक लेखहरूको नियमित प्रकाशन तथा गोष्ठी, अन्तरक्रिया, कर शिविर, घुम्ती शिविर, घर दैलो कार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४.४ बिक्रेताबाट वास्तविक कारोवार मूल्यमा विजक जारी गराउन र उपभोक्तालाई बीजक लिन प्रेरित गर्न बीजक खरिद गर्ने, उपहार कार्यक्रम सञ्चालन गर्ने, जनचेतना अभिवृद्धि गर्ने लगायतका कार्यक्रमहरू कार्यविधि बनाई संचालन गरिनेछ। यस अभियानमा उपभोक्ताको हित तथा अधिकारका लागि कार्यरत संघ संस्थाहरूलाई समेत सहभागि गराइनेछ।

४.५ नेपाल सरकारको निर्णय अनुसार हरेक वर्षको मंसिर १ गते राष्ट्रिय कर दिवस (National Tax Day) मनाउने र विविध क्षेत्रका उत्कृष्ट करदाताहरूलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै यस वर्षदेखि केन्द्रियस्तरमा राष्ट्रिय कर मेला (National Tax Fair) र स्थानियस्तरमा कर शिविरहरू (Tax Clinics) आयोजना गरिनेछ। यस्ता मेला, शिविर वा Clinic हरूबाट एकिकृत रुपमा कर सम्बन्धी सेवा उपलव्ध गराईनेछ।

४.६ करसँग डर होईन भर गरौं। कर तिरौं आफ्नो आम्दानीको वैधता सुनिश्चित गरौं। करको चर्चा घर घर सम्म पुऱ्याउँ। कर तिरी सभ्य नागरिकको परिचय दिउँ। आफ्नो आय आफैं हिसाव गरेर ठीक रकम कर तिरौं। कर तिर्नु नागरिकको कर्तव्य हो। कर सम्वन्धी जानकारी दिनु कर प्रशासनको दायित्व हो। व्यापारी, व्यवसायी मात्र कर दाता होइनन्, करयोग्य आय आर्जन गर्ने आम नागरिक करदाता हुन् भन्ने धारणा वनाउ। आफूले तिरेको करको सदुपयोग भयो भएन निगरानी गरौं। कर छलीको सूचना भएमा कर प्रशासनलाई दिई कर असुल गर्न सहयोग गरौं। पेशा व्यवसाय गर्नु अगावै स्थायी लेखा नम्वर लिउं। बजारमा वस्तु वा सेवा खरीद गर्दा अनिवार्य रुपमा वील विजक लिने दिने वानी बसालौं लगायतका विविध नाराहरूको व्यापक प्रचार प्रसार गरी कार्यान्वयनमा ल्याइने छ।

## ५. करको दायरा विस्तार

५.१ चालु आ. व. २०७०।०७१ मा एक लाख व्यवसायिक स्थायी लेखा नम्वर र एक लाख व्यक्तिगत स्थायी लेखा नम्वर वितरण गरि २ लाख करदाता थप गर्ने र कर प्रयोजनका लागि दर्ता हुने करदाताको संख्या कूल जनसंख्याको करिब ५ प्रतिशतको हाराहारीमा पुऱ्याईने छ। देशका विभिन्न स्थानमा विभिन्न समयमा आयोजना गरिने प्रदर्शनी, मेला, व्यापार मेला, लगायतका अन्य मेलाहरू सञ्चालन गर्ने र त्यसरी सञ्चालन गरिएको मेलामा सहभागी हुने बासिन्दा वा गैर बासिन्दा व्यक्तिहरूले अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर सहितको अस्थायी स्थायी लेखा नं. लिनुपर्ने अनिवार्य व्यवस्थालाई कढाईकासाथ कार्यान्वयनमा ल्याईने छ।

५.२ चिकित्सक, इन्जिनियर, वकिल, परामर्शदाता, चाटर्ड एकाउण्टेन्ट आदि पेशाविद्हरूले आफ्नो पेशागत प्रमाणपत्र नविकरण गर्दा अनिवार्य रुपमा कर चुक्ता प्रमाण पत्र पेशगर्नु गर्ने व्यवस्था गरिने छ। वहाल आय आर्जन गर्ने वहाल धनीहरूले अनिवार्य रुपमा आन्तरिक राजस्व विभागले जारी गरेको बहाल कर निर्देशिका वमोजिम घर बहाल कर पुस्तिका लिई नियमितरुपमा बहाल कर बुझाउनु पर्ने व्यवस्था रहेको छ। बहाल आयको एकिन सर्वेक्षण र असुली गर्न बहालधनीहरूको घर निर्माणको विवरण स्थानीय निकायबाट लिई अभिलेख अद्यावधिक वनाइने छ। बहाल आय आर्जन गरेको सम्पत्ति धनीले त्यस्तो सम्पत्ति धितो राखि ऋण लिंदा, विक्री वितरण गर्दा वा हस्तान्तरण गर्दा कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने व्यवस्था लागू गरिनेछ।

५.३ हालसम्म करको दायरामा नआएका, आय विवरण पेश नगरेका र मूल्य अभिवृद्धि कर विवरण पेश नगरेका करदाताहरूलाई विभिन्न छुट तथा सुविधा दिई कर कानून परिपालनालाई प्रोत्साहन गर्न आर्थिक अध्यादेश, २०७० ले गरेको छुट व्यवस्थाको व्यापक जानकारी गराई अधिकाधिक करदातालाई लाभान्वित गराइनेछ। यसरी गरिएको व्यवस्थाको निर्धारित समय सिमाभित्र सो व्यवस्थाको पालना नगर्ने करदाताहरूलाई कानूनी कारवाही गरिनेछ।

५.४ करदाता दर्ता गर्न आवश्यक कागजात, दर्ता सम्बन्धी अभिलेखमा परिवर्तनको सूचना दिने प्रकृया र दर्ता तथा दर्ता खारेजी सम्बन्धी स्पष्ट नीति तर्जुमा गरी लागू गरिनेछ। करदाताको अभिलेख अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिई पुरानो अभिलेखलाई Digital अभिलेखमा रुपान्तरण गरिनेछ। करदाताको अभिलेख तथा कम्प्युटर प्रणालीमा रहेका सूचना एवं अभिलेखहरूको सुरक्षाको विशेष व्यवस्था गरिनेछ।

## ६. कर परिपालनामा सुधार

६.१ करपरिपालनाको जोखिम पत्ता लगाउन, व्यवस्थापन र अनुगमन गर्न करपरिपालना जोखिम व्यवस्थापन प्रकृया (Tax Compliance Management Process) को व्यवस्था गरिनेछ। जोखिम विश्लेषण र अनुगमन क्षमता विकास गर्न ठूला करदाता कार्यालयबाट यो कार्यको थालनी गरिनेछ।

६.२ विना दर्ता कारोवार गर्ने, दर्ता भएर पनि विल विजक जारी नगर्ने, विल विजक जारी गरे पनि कारोवार मूल्यमा जारी नगर्ने, समयमा विवरण नबुझाउने (Non Filer), शून्य विवरण बुझाउने (Zero Return), क्रेडिट विवरण बुझाउने (Credit Return), विवरण पेश गर्ने तर कर नतिर्ने, कर वक्यौता राख्ने लगायत कर कानुनको अवज्ञा गर्नेहरूलाई स्थलगत अनुगमन तथा सूचना प्रविधिको माध्यमबाट अनुगमन गरी कर परिपालना बढाइनेछ।

६.३ नक्कली विल विजकको प्रयोगबाट मूल्य अभिवृद्धि करको छलि भएको प्रकरणलाई ध्यानमा राखी मूल्य अभिवृद्धि कर छल्न नसक्ने नीतिगत तथा संस्थागत व्यवस्था गरिनेछ। मूल्य अभिवृद्धि कर छलिमा परेका व्यवसायीहरूलाई कारवाही गर्नुको अतिरिक्त व्यवसायिक नैतिकता पालना सम्बन्धमा उद्योग वाणिज्य संघ र नीजि क्षेत्रको ध्यानाकर्षण गराइनेछ। एकीकृत बजार अनुगमन तथा राजमार्ग अनुगमनको माध्यमबाट विल विजक लिने दिने कार्यको परिपालना गराइनेछ। यस कार्यमा निजीक्षेत्रलाई समेत सहभागी गराईनेछ।

६.५ कुनै पेशा तथा व्यावसायिक प्रयोजनका लागि बैंकहरूमा खाता खोल्दा वा अन्य कारोवार गर्दा स्थायी लेखा नम्वर अनिवार्य रुपमा उल्लेख गर्ने व्यवस्था गरिनेछ। व्यावसायिक प्रयोजनका लागि रू.बीस लाखभन्दा बढीको ऋण लिंदा वा भुक्तानी गर्दा सो को जानकारी सम्बन्धित बैंक र करदाताले आफ्नो दर्ता रहेको आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था मिलाईने छ।

## ७. न्यून विजकीकरण नियन्त्रण

७.१ ठूला करदाताहरूले जारी गर्ने कर बिजकलाई अनिवार्यरुपमा कम्प्युटर सफ्टवेयर मार्फत जारी गर्नु पर्ने व्यवस्था लागू गरिनेछ। क्रमश: अन्य करदाताहरूलाई पनि विद्युतीय माध्यम वा क्यास मेसिनको प्रयोगद्धारा बीजक जारी गर्न अनिवार्य बनाइनेछ।

७.२ व्यापार व्यवसायको क्षेत्रमा आयात निर्यात गर्दाको अवस्थामा भन्सारमा हुने न्यून मूल्यांकन वा घर जग्गा जमिनको मालपोतमा हुने मूल्यांकन वा बजारमा वस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून विजकीकरण वा घर जग्गा वहालमा हुने न्यून घोषणाले अर्थतन्त्रनै न्यून मूल्याङ्कन भएको छ। हरेक क्षेत्रमा हुने न्यून विजकीकरण र न्यून मूल्याङ्कन नियन्त्रण गर्न सम्वद्ध सवै क्षेत्रमा अभियानको रुपमा उपयुक्त कार्यविधि वनाई विशेष कार्यक्रम सञ्चालन गर्न सिफारिस गरिनेछ।

७.३ आयात तथा आन्तरिक बजारमा हुने न्यून बिजकीकरण न्यूनीकरण गर्न आन्तरिक राजस्व विभाग, भन्सार विभाग तथा राजस्व अनुसन्धान विभागको एकीकृत अनुगमन संयन्त्रको विकास गरी राजमार्गमा आन्तरिक ओसारपसार र बजार अनुगमन तथा कारवाही गरिनेछ।

## ८. कर सूचना सञ्जाल र अनुसन्धान

८.१ अन्तर निकाय सूचना आदान प्रदान गर्न आन्तरिक राजस्व विभाग र कम्पनी रजिष्ट्रारको कार्यालय बीच विद्युतीय सूचना प्रणाली स्थापित गर्ने प्रक्रिया शुरु भईसकेको छ। साथै उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने साथै अन्य नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, उद्योग विभाग, बाणिज्य विभाग, सहकारी विभाग, यातायात व्यवस्था विभाग, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका लगायतका निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमबाट दर्ता कै अवस्थाको सूचना प्राप्त गरी करमा दर्ता नगरी कारोवार गर्न नपाइने गरी कर सूचना सञ्जाल (Tax Information Network) को स्थापना गरी चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ। एकल खाता कोष प्रणाली (Treasury Single Accounts-TSA) लागू भएका जिल्लामा रहेका भुक्तानीको तथ्याङ्कलाई कर प्रयोजनका लागि महालेखा नियन्त्रकको कार्यालयसँग समन्वय गरी अधिकतम उपयोग गरिने छ।

८.२ करको दायरामा नआएका विलासी जीवन सैली अपनाउने व्यक्तिहरूको विभिन्न श्रोतबाट सूचना संकलन गरी परिस्कृत सूची तयार गरी निगरानी तथा करको दायरामा ल्याई कर असुल गर्न एवं विशिष्ट तथा प्रतिष्ठित व्यक्तिहरूको कर प्रशासन गर्न विभागमा एक सशक्त ईकाई गठन गरी कार्य थालनी गरिने छ।

८.३ आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागबीच सूचना संजाल मार्फत सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाइने छ। राजस्व प्रशासनका विभिन्न क्षेत्र बीच प्राविधिक विषयहरूमा समन्वयात्मक ढंगले नीति निर्माणमा सुझाव आदान प्रदान गर्न तथा कार्यान्वयन तहमा देखिएका समस्या समाधान गर्न विभिन्न विभागहरू बीच प्राविधिक समितिहरू गठन गरी कार्यगत समन्वय कायम गरिनेछ।

## ९. कर परीक्षण सम्बन्धी

९.१ विद्यमान कर परीक्षण नीतिमा पुनरावलोकन र कर परीक्षण निर्देशिकाको परिमार्जन गरिनेछ। साथै कर परीक्षण सम्बन्धी प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाइनेछ। कर परीक्षण पुनरावलोकन प्रणालीलाई बढी प्रभावकारी वनाउन विशेषज्ञहरूको सेवा लिने व्यवस्था मिलाईनेछ।

९.२ करदाताको कर परीक्षण छनौट सम्बन्धमा नयाँ मापदण्ड निर्धारण गरिनेछ साथै कर विवरण पेश भएको वा पेश गर्नु पर्ने मितिले ३ वर्षभित्र कर परीक्षण सम्पन्न गर्ने गरी कार्ययोजना बनाई लागू गरिनेछ। कर परीक्षण गर्दा करदाताको परिसरमा गई Field Audit गर्ने कार्यबाट यथार्थताको सुनिश्चितता गरिनेछ।

## १०. कर बक्यौता तथा बेरुजु फछ्र्यौट

१०.१ कर दायित्व निर्धारण भई सकेपछि पनि विभिन्न बहानामा कर दायित्व भुक्तान नगर्ने प्रवृत्तिको विकास हुँदै गएको छ। यसले गर्दा बुझाउनु पर्ने यथार्थ कर रकमभन्दा निकै कम रकम असुली भएको छ। विगतमा कर निर्धारण भएको ठूलो कर रकम असुल गर्न बाँकी रहेको हुँदा बक्यौता असुलीको कार्ययोजना बनाई बक्यौता रकम असुल गरिनेछ। राजस्व न्यायाधीकरणमा धेरै मुद्दा टुङ्गो लाग्न बाँकीरहेको कारणले पनि ठूलो बक्यौता अड्ड रहेको हुँदा यसतर्फ पहल गरिनेछ।

१०.२ विगतको राजस्व तथा विनियोजन तर्फको वेरुजु

फछ्र्यौटमा अघिल्ला आर्थिक वर्षहरूमा उत्साहजनक प्रगति हासिल भएको छ। चालु आर्थिक वर्षमा समेत महालेखा परीक्षकको प्रतिवेदनमा परेको बाँकी वेरुजु वेमाख गर्न अभियान चलाइने छ।

## ११. अन्तःशुल्क व्यवस्थापन सम्बन्धी

११.१ अन्तशुल्कको हालको भौतिक नियन्त्रण प्रणालीलाई क्रमश स्वयं निष्काशन प्रणालीमा रुपान्तरित गर्ने नीति अनुरुप सूर्ति तथा सूर्तिजन्य पदार्थलाई स्वयं निस्काशन प्रणालीमा लगिएको छ। ती वस्तुहरू कारखानाबाट निस्कासन गर्दा स्टीकर लगाउनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। नक्कली स्टिकरको प्रयोग र स्टिकर नै प्रयोग नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आकष्मिक निरीक्षण टोली गठन गरी सो टोलीलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

११.२ अन्तःशुल्कमा हुने चुहावटलाई नियन्त्रण गर्न प्रभावकारी रुपमा नियमित अनुगमन गरी देखिएका अनियमितता समेतका आधारमा एवं प्राप्त अन्य सूचना र प्रतिवेदन अभिलेख समेतको विश्लेषण गरी प्राथमिकताका साथ तत्काल अनुसन्धान र कारवाही गरिनेछ। अन्तःशुल्क स्टीकरको प्रभावकारी व्यवस्थापनका लागि Track and Trace System लागू गर्न आवश्यक पूर्वाधारको तयारी गरिनेछ। अन्तःशुल्क प्रशासन लाई आधुनिक कर प्रणालीको मूलप्रवाहमा आन्तरिकीकरण गरिने छ।

११.३ अवैध मदिरा उत्पादन गर्ने व्यक्तिहरूलाई मदिरा ऐन तथा अन्तशुल्क ऐनको सजायको अतिरिक्त कसुरको मात्राको आधारमा खाद्य ऐन अनुसार पनि कारवाही गर्न सिफारिस गर्ने आवश्यक व्यवस्था मिलाइनेछ। मदिरा र सुर्तीजन्य पदार्थहरू र अन्य उपभोग्य सामाग्री एकै स्थानवाट बिक्री वितरण गर्न नपाइने व्यवस्थालाई कडाइका साथ लागू गरी निरन्तर अनुगमन गरिनेछ। साथै वियर उद्योगहरूमा लागू गरिएको फ्लोमिटरको व्यवस्था पुनरावलोकन गरी बैकल्पिक उपायका बारेमा अध्ययन गर्न एक विशेषज्ञ टोली गठन गरिनेछ।

## १२. सूचना प्रविधिको प्रयोग

१२.१ करदाताहरूको सेवामा सहज पहुँचको लागि सूचना प्रविधिलाई मुख्य औजारको रुपमा विकसित गर्दै करसम्बन्धी सवै कार्य विद्युतीय सूचना प्रणालीको माध्यमबाट हुने व्यवस्था मिलाई करदाता र कर प्रशासनको बीचको दुरी न्यून गरिने छ। सूचनाप्रविधिमा आधारित सुशासन कायम गर्दै सदाचार वृद्धि गर्न निरन्तर मानव नियन्त्रणमा आधारित प्रणालीलाई स्वचालित पद्धतितर्फ रुपान्तरण गर्ने स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ।

१२.२ विद्युतीय प्रणालीबाट बिजक जारी गर्ने (कम्प्यूटर बिलिङ) को कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन विभागबाट निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याईनेछ।

१२.३ करदाताका सूचनाहरूलाई अधिकतम रुपले समेट्न हाल कायम रहेको Standard International Trade Code (SITC), दर्ता आवेदन र कम्प्युटर प्रणालीलाई समायानुकूल परिमार्जन गरिनेछ। आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्कको अतिरिक्त शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर र घर वहाल कर र सोको विवरणलाई विद्युतीय माध्यमबाट प्रविष्ट गर्न सक्ने व्यवस्था मिलाइने छ।

१२.४ कर राजस्व संकलनलाई प्रभावकारी बनाउन र करदाताहरूको व्यावसायिक लागतमा कमी ल्याउन हाल ठूला करदाताहरूलाई उपलब्ध गराईएको राजस्व संकलन गर्न स्वीकृत प्राप्त बैंकको जुनसुकै शाखाबाट राजस्व संकलन र दाखिला गर्न सक्ने व्यवस्था ABBS(Any Branch Banking System) अन्य आन्तरिक राजस्व कार्यालयहरूमा पनि लागू गर्ने कार्यलाई विस्तार गरिनेछ। साथै विद्युतीय भुक्तानी (e-payment) मार्फत समेत राजस्व दाखिला गर्न सक्ने व्यवस्थाका लागि आवश्यक पूर्वाधार तयार गर्ने कार्यलाई प्राथमिकता दिई सवै करदाताहरूलाई कर दाखिला गरेको रकम तथा वाँकी वक्यौता रकम समेत विद्युतीय प्रणालीबाट हेर्न सक्ने (Read only) सुविधा दिन आवश्यक व्यवस्था गरिनेछ।

## १३. पुनरावलोकन तथा पुनरावेदन प्रणाली

१३.१ आन्तरिक राजस्व विभागको प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्थालाई करदाताहरूमा न्यायिक मनको प्रयोग भएको अनुभूति हुने गरी व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईने छ। प्रशासकीय पुनरावलोकनमा परेका विशेष प्रकृतिका मुद्दाहरू सुनुवाइको लागि विभागमा इजलास स्थापना गरि सुनुवाई गरिनेछ। बढ्दो करसम्बन्धी विवाद न्यूनीकरण गर्न Dispute Settlement Mechanism को व्यवस्था गर्ने भनि सुधार योजनामा उल्लेखित कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ।

१३.२ कर अधिकृतको निर्णय उपर चित्त नवुझि विभागका महानिर्देशक, राजस्व न्यायाधीकरण र पुनरावेदन तथा सर्वोच्च अदालतमा निवेदन वा पुनरावेदन गर्ने प्रवृत्तिमा क्रमिक रुपले वृद्धि भैरहेको परिप्रेक्षमा कर अधिकृतहरूबाट हुने निर्णयलाई वस्तुनिष्ठ बनाउन तथा प्रतिरक्षा गर्नको लागि आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. १, २ र ३, आन्तरिक राजस्व कार्यालय ललितपुर, विराटनगर, पोखरा र नेपालगञ्जमा क्रमशः जिल्ला न्यायाधिवक्ताको पद सिर्जना गर्न आवश्यक पहल गरिनेछ।

## १४. संगठनात्मक तथा भौतिक व्यवस्था

१४.१ आन्तरिक राजस्व विभागको कार्यबोझ तथा विभाग अन्तर्गत निर्देशन, नियन्त्रण तथा अनुगमनमा थप प्रभावकारिता ल्याउन महानिर्देशकको पद स्तरोन्नति गरी रा.प.विशिष्ठ श्रेणीको वनाउन सिफारिस गरिएको छ।

१४.२ आन्तरिक राजस्व विभागको कार्यबोझ तथा विशेषज्ञतालाई ध्यानदिई विभागको विद्यमान संगठन, जनशक्ति र कार्यप्रणालीको पुनरावलोकन गरि सांगठनिक संरचनालाई सुदृढ गरिनेछ। कर राजस्वको जोखिम न्यून गरी ठूला कारोवारलाई निगरानी तथा व्यवस्थित गर्न मध्यमस्तरीय करदातालाई सेवा पुऱ्याउन मध्यमस्तरीय करदाता कार्यालयहरू स्थापना गर्ने साना करदाताहरूलाई घरदैलोमा नै सेवा पुऱ्याउन आवश्यकता अनुसार थप करदाता सेवा कार्यालयहरू स्थापना गरिनेछ। आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयहरूको कार्यक्षेत्र, कार्यविवरण र उत्तरदायित्व तथा जिम्मेवारी किटान गर्न एक कार्यदल गठन गरी टुङ्गो लगाइने छ।

१४.३ आन्तरिक राजस्व विभाग र अन्तर्गत राजस्व कार्यालयहरूको भौतिक पूर्वाधार विकासको गुरु योजना तयार गरि कार्यान्वयनमा ल्याईनेछ। करदाता मैत्री सेवा सञ्चालनको लागि सोही अनुसारको भवन निर्माण गर्ने र कार्यालयमा आवश्यक पर्ने अत्यावश्यक सवारी साधन, विद्युतीय उपकरण एवं फर्निचरको व्यवस्था गरिने छ।

## १५. जनशक्ति विकास तथा तालिम

१५.१ कर प्रशासनका जनशक्तिलाई दक्ष तथा सीपयुक्त वनाउन विशेष तालिम नीति बनाई प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ। कर प्रशासनका कर्मचारीहरू र करदाताबीच अवाञ्छित सम्बन्ध स्थापित हुनवाट रोक्न कर प्रशासन र कर अधिकृतहरूको विद्यमान आचारसंहिता परिमार्जन गरी कार्यान्वयनमा ल्याइने छ। कर परीक्षणको गुणस्तर बृद्धि गर्न कर अधिकृतहरूको क्षमता र कार्य अनुभवको आधारमा मात्र कर परीक्षणको जिम्मा दिइनेछ। साथै कर अधिकृतहरूलाई कर परीक्षण तथा अनुसन्धानमा अझ बढी जिम्मेवार बनाउन कर निर्धारणको गुणस्तर र प्रशासकीय पुनरावलोकन तथा आन्तरिक पुनरावलोकनमा देखिएका तथ्यहरूलाई अभिलेखीकरण गरी कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गरिनेछ।

१५.२ निश्चित अवधी कर प्रशासनमा कार्यअनुभव भएका कर अधिकृतहरूलाई मात्र ठूला कारोवार भएका कार्यालयहरूमा कर लेखा परीक्षण गर्ने जिम्मेवारी दिइने छ। सेवामा प्रवेश गर्ने नव प्रवेशी अधिकृतहरूलाई कर सम्वन्धी सघन तालिम दिएर मात्र पदस्थापन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ। ज्ञान, सिप र क्षमतायुक्त जनशक्ति तयार गर्न सेवा प्रवेशकै समयदेखि दक्ष बनाउनका लागि Tax Academy स्थापना गर्ने वा विश्वविद्यालयहरूमा कर प्रणाली सम्वन्धी अध्ययनको व्यवस्था मिलाइने छ। ठूला करदाता कार्यालयलाई कर परीक्षण तालीम केन्द्र तथा Center for excellence को रुपमा विकास गरी कर अधिकृतहरूलाई कार्यस्थल तालिम (On the Job Training) समेत दिइनेछ।

१५.३ कर प्रशासनका कर्मचारीहरूमा सदाचार पद्धतिको विकास र पालनामा जोड दिनुको साथै सामाजिक व्यवहार सुधार ऐनको व्यवस्था पालना गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ। सामाजिक व्यवहार सुधार ऐन र सरकारले गत बर्ष घोषणा गरेको सामाजिक तथा सांस्कृतिक खर्च घटाउने कार्य अनुगमन गरी कर असुली कार्यलाई प्रभावकारी बनाइने छ।

## १६. अन्तर्राष्ट्रिय सहयोगको परिचालन

१६.१ नेपालको कर प्रणाली सुधारका लागि अन्तर्राष्ट्रिय दातृ निकाय र विकास साझेदारहरूबाट हालसम्म प्राप्त सहायता र सहयोगको सह्राना गर्दै भविष्यमा विभागको पाँच वर्षे रणनीतिक योजना र तीन वर्षिय सुधार योजना कार्यान्वयन गर्न सहयोग र सहायता परिचालन गरिनेछ।

१६.२ विदेशी सहायता र सहयोग विभागको संस्थागत क्षमता र कर्मचारीको क्षमता विकास तथा प्रणाली सुधारमा केन्द्रित गर्दै नेपालको कर प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाइनेछ।

१६.३ नेपालको कर दातासेवा र कर प्रणाली सुधारको प्रयासलाई विश्वका अन्य मुलुकहरू र अन्तर्राष्ट्रिय संस्थाहरूमा समेत सह्राना भएको छ। नेपालको कर प्रशासनले हालसम्म आर्जन गरेको उपलब्धी संरक्षण गर्दै हाल अवलम्वन गरिएको स्वयं कर प्रणालीलाई अन्तर्राट्रियस्तरमा प्रचलनमा रहेका नयाँ आयामहरू अनुसार परिमार्जित गरी कार्यान्वयनमा ल्याईनेछ।





कर छलीको सूचना भएमा कर प्रशासनलाई दिई कर असुल गर्न सहयोग गरौं ।


का झलकहरू

# सर्वोत्कृष्ट राजस्व कार्यालयहरू सम्मानित

आन्तरिक राजस्व विभागको आयोजनामा साउन २५ देखि २७ सम्म सञ्चालन भएको व्यवस्थापन गोष्ठीको समापनका अवसरमा साउन २७ गते प्रमुख अतिथि माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोईरालाले आर्थिक वर्ष २०६९।७० भरिमा सर्वोत्कृष्ट कार्यसम्पादन गरेका प्रमुख तीनवटा आन्तरिक राजस्व कार्यालयहरू र तीनवटै करदाता सेवा कार्यालयहरूलाई वार्षिक व्यवस्थापन गोष्ठीको समापन समारोहका बीच सम्मान पत्र प्रदान गर्नुभयो । यसरी प्रशंसा पत्र प्राप्त गर्ने कार्यालयहरूमा आन्तरिक राजस्व कार्यालय धरान, धनगढी र ललितपुरले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गरेका छन्। त्यसैगरी उपत्यका भित्रका करदाता सेवा कार्यालयहरू तर्फ करदाता सेवा कार्यालय महाराजगंज, कालिमाटी र त्रिपुरेश्वरले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल भएका छन्।

सो अवसरमा माननीय अर्थमन्त्री श्री कोईरालाबाट आन्तरिक राजस्व कार्यालय धरानका प्रमुख कर अधिकृत श्री तुलसीराम सेढाई, आन्तरिक राजस्व कार्यालय, धनगढीका प्रमुख कर अधिकृत श्री दुर्गादत्त भण्डारी, आन्तरिक राजस्व कार्यालय ललितपुरका प्रमुख कर अधिकृत श्री पदमकुमार श्रेष्ठ, करदाता सेवा कार्यालय महाराजगंजका प्रमुख कर अधिकृत श्री आनन्दराम रेग्मी, करदाता सेवा कार्यालय कालिमाटीका प्रमुख कर अधिकृत श्री शिवकुमार कटुवाल, करदाता सेवा कार्यालय त्रिपुरेश्वर कर अधिकृत श्री शालिग्राम रेग्मीलाई आ आफ्ना कार्यालयहरूको प्रशंसापत्र हस्तान्तरण गर्नुभएको थियो । सो अवसरमा माननीय अर्थमन्त्री श्री कोईराला, अर्थ सचिव श्री शान्तराज सुवेदी र महानिर्देशक श्री टंकमणि शर्माले प्रशंसापत्र प्राप्त गर्ने सबै पदाधिकारीहरूलाई आफ्नाकार्यालयहरूलाई सर्वोत्किृष्ठ वनाउन सफल भएकोमा वधाई दिँदै आगामी दिनहरूमा पनि उत्कृष्ठ कार्यसम्पादन गर्न सबै राजस्व कार्यालयहरूलाईआग्रह गर्नुभएको थियो। सो अवसरमा प्रशंसापत्र प्राप्तगर्ने कार्यालयहरूका तर्फबाट आन्तरिक राजस्व कार्यालय धरानका प्रमुख कर अधिकृत श्री तुलसीराम सेढाइले आफ्ना धारणा राख्नुभएको थियो।



माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाबाट सम्मान पत्र प्राप्त गर्दै आन्तरिक राजस्व कार्यालय धरानका प्रमुख श्री तुलसीराम सेढाइ



माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाबाट सम्मान पत्र प्राप्त गर्दै आन्तरिक राजस्व कार्यालय धनगढीका प्रमुख श्री दुर्गादत्त भण्डारी



माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाबाट सम्मान पत्र प्राप्त गर्दै आन्तरिक राजस्व कार्यालय ललितपुरका प्रमुख श्री पदमकुमार श्रेष्ठ



माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाबाट सम्मान पत्र प्राप्त गर्दै करदाता सेवा कार्यालय कालिमाटीका प्रमुख श्री शिवकुमार कटुवाल




माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाबाट सम्मान पत्र प्राप्त गर्दै करदाता सेवा कार्यालय महाराजगञ्जका प्रमुख श्री आनन्दराम रेग्मी




माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाबाट सम्मान पत्र प्राप्त गर्दै करदाता सेवा कार्यालय त्रिपुरेश्वरका कर अधिकृत श्री शालिग्राम रेग्मी

**आ.व २०६९/७० को....(१ पेजको बांकी)**

१ करोड ८९ लाख १९ हजार, २८ अर्ब ४९ करोड ३८ लाख ५८ हजार, २२ अर्ब ६ करोड १७ लाख ९९ हजार र ३२ करोड ६ लाख ८६ हजार असुली भएको छ। जसमध्ये आयकर, मू.अ.कर र अन्तःशुल्कतर्फ क्रमशः लक्ष्यभन्दा बढी १०६ प्रतिशत, ९४ प्रतिशत र ९० प्रतिशत असुली भएको छ भने शिक्षा सेवा शुल्कतर्फ लक्ष्यको तुलनामा ११८ प्रतिशत असुली हुनसकेको छ। त्यसैगरी आ.व. २०६९/७० मा कूल राजस्वमा कर राजस्वको अंश ८८ प्रतिशत अर्थात् २ खर्व ५९ अर्ब ६१ करोड रहेको छ भने गैर कर राजस्वको अंश १२ प्रतिशत अर्थात् ३६ अर्ब ४ करोड रहेको छ। कर राजस्व मध्ये भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तशल्क, शिक्षा सेवा कर,





मालपोत, सवारी साधन दर्ता शुल्क र अन्य करको अंश क्रमशः २२ प्रतिशत अर्थात् ५६ अर्ब ८९ करोड, ३२ प्रतिशत अर्थात् ८३ अर्ब ५१ करोड, २६ प्रतिशत अर्थात् ६७ अर्ब २ करोड, १४ प्रतिशत अर्थात् ३६ अर्ब ६६ करोड, ३२ करोड, २ प्रतिशत अर्थात् ५ अर्ब ९ करोड, २ प्रतिशत अर्थात् ४ अर्ब ३७ करोड र बांकी २ प्रतिशत अर्थात् ४ अर्ब ९४ करोड रहेको छ।


# कर दर्ताको स्थिति विश्लेषण

आ.व. ०६९/०७० मा व्यवसायिक स्थायी लेखा नं. ८१,५९४ र व्यक्तिगत लेखा नं. (PIT) ८४,८०५ समेत जम्मा १,६६,३९९ करदाताहरूलाई कर प्रयोजनको लागि दर्ता गरिएको छ। यी करदाताहरूमध्ये १५,८८९ करदाता मूल्य अभिवृद्धि करमा समेत दर्ता भएका छन्। २०७० आषाढ मसान्तसम्म व्यवसायिक स्थायी लेखा नं. ६२३,४३९ र व्यक्तिगत लेखा नं. ३५६०६२ गरी कूल ९७९,५०१ करदाताहरु कर प्रयोजनका लागि दर्ता रहेका छन्। दर्ता रहेका करदाताहरू मध्ये १२९,७१३ करदाताहरु मूल्य अभिवृद्धि करमा समेत दर्ता रहेका र ३६,१७४ करदाताले अन्तःशुल्क लाग्ने वस्तुहरूको कारोवार गर्न अन्तःशुल्क इजाजतपत्र पनि लिएका छन्।





# कर राजस्वको G.D.P. मा अनुपात

आ.व. २०६४/०६५ मा कर राजस्वको GDP मा अनुपात १०.६ प्रतिशत रहेको थियो। त्यसपछिका आ.वहरुमा ०६५/०६६ र ०६६/०६७ मा वृद्धि भई क्रमशः १२ र १३.३ प्रतिशत भएको थियो भने आ.व. ०६७/०६८ मा केही घट्न गई १२.६ प्रतिशत भएको थियो। भने त्यसपछिको वर्षहरूमा क्रमशः वृद्धि हुन गई २०६९/७० मा १५.२६ प्रतिशत हुन गएको छ। आ.व. ०६९/०७० मा आइपुग्दा अन्तशुल्कको अनुपात २.१५ प्रतिशत आयकरको ३.९४ प्रतिशत र मु.अ.करको अनुपात ४.९१ प्रतिशत हुन गएको छ। कूल राजस्वको GDP मा योगदान पनि आर्थिक वर्ष ०६४/०६५ मा १३.३ प्रतिशतबाट क्रमशः वृद्धि हुँदै आर्थिक वर्ष २०६९/७० मा आइपुग्दा १७.४ प्रतिशत भएको छ।



## संकलन लागत


नेपालको कर प्रणालीमा कर संकलन लागत आर्थिक वर्ष २०६३/६४ मा प्रति हजारमा रु १६।३८ थियो भने सो लागत आर्थिक वर्ष २०६६/६७ सम्म लगातार घटेर



रु ४।९९ भएको थियो भने आ.व. २०६७/६८ मा एक्कासी बढेर रु १२।७२ भयो । आ.व. २०६८/६९ मा घटेर रु १०।३१ मा आइपुग्यो र आ.व. २०६९/७० मा उक्त लागत रु ८।५८ भएको छ । यसरी आ.व. ०६७/०६८ देखि संकलन लागत निरन्तर घटिरहेको छ ।

## करको दायरा विस्तार


करको दायरा विस्तार अन्तर्गत आ.व. ०६९/७० मा उत्साहजनक प्रगति भएको छ। यस अन्तर्गत कर शिक्षा तथा अन्तर्क्रिया, करदाताहरूको




अभिलेख अध्यावधिक गर्ने, घर वहाल सर्वेक्षण र त्यसको माध्यमबाट घर बहाल कर संकलन, मूल्य अभिवृद्धि करमा अनिवार्य दर्ता र स्थायी लेखा नम्बरलाई मु.अ.करमा समेत दर्तागर्ने शिर्षकहरू अन्तर्गत क्रमश: १०००, २०७६०, १०७४३ रु १ करोड ९६ लाख ११ हजार , २७९३ र ४०८० को लक्ष्य रहेकोमा लक्ष्यभन्दा बढी नै क्रमश: ११७३, २३६७८, १९९०९ रु १२ करोड १५ लाख २० हजार, ३८१३ र ४२४० को उपलब्धि प्राप्त भएको छ।

## नन फाइलर विश्लेषण


आ.व. ०६९/७० मा आयकरमा ५५ प्रतिशत र मू.अ.करमा २१.५ प्रतिशत ननफाइलर रहेका हुन्। आ.व. २०६३/०६४ देखि हालसम्मको तथ्यांकलाई हेर्दा आयकर तर्फको ननफाइलर आ.व. २०६३/०६४ को




८२.६५ बाट क्रमश: घट्दै गएको देखिन्छ भने मुअकरतर्फको नन फाइलर ००६/०७ मा १४.५८ बाट क्रमश: वृद्धि हुँदै सन् आ.व. २०६६/६७ मा २७ प्रतिशत पुगेर आ.व. २०६७/६८, २०६८/६९ र २०६९/७० मा क्रमश: २१.२५, २२.३ र २१.५ प्रतिशत भएको देखिन्छ ।

### क. मूल्य अभिवृद्धि कर


आ.व. २०६९/०७० मा मू.अ.कर तर्फका ७८ प्रतिशत विवरणहरूमा ५२ प्रतिशतले




क्रेडिट विवरण र २२ प्रतिशतले शून्य विवरण बुझाएका छन् भने १६ प्रतिशतले मात्र डेविट विवरण बुझाएका छन् । रकमको हिसावले विश्लेषण गर्दा डेविट तर्फको हिस्सा १२ प्रतिशत मात्र अर्थात् २४ अर्व १८ करोड छ भने क्रेडिट विवरणको हिस्सा ८८ प्रतिशत अर्थात् १ खर्व ७५ अर्व ३९ करोड रहेको छ ।

### ख. आयकर


आ. व. २०६९/७० मा आयकर तर्फ ४४ प्रतिशत विवरण प्राप्त भएकोमा डे ३ का विवरणहरु ३८ प्रतिशत र बाँकी ६२ प्रतिशत विवरणहरू डे १




प्राप्त भएका छन्। जवकी कूल आयकर संकलनमा डे १ विवरणको हिस्सा १ प्रतिशत मात्र हुन आउँछ।

## कर परीक्षण र प्रशासकीय पुनरावलोकनको विश्लेषण

आ.व. ०६९/०७० मा जम्मा ६४११ करदाताहरूको कर परीक्षण भएकोमा ६६३ वटा करदाताहरू प्रशासकीय पुनरावलोकनमा आएका थिए । अघिल्लो वर्षबाट सरेको सहित गरी




०६९/०७० मा यस शाखामा ९५७ करदाताहरू रहेकोमा ७९० केशहरू निर्णय भएका थिए भने १६७ करदाताहरूमा निर्णय हुन सकेन । निर्णय भएका ७९० करदाताहरू मध्ये ६६१ अर्थात् ८४ प्रतिशत निर्णयहरू पूर्ण रुपमा कार्यालयको पक्षमा भएका छन् भने ९ प्रतिशत अर्थात् ६९ वटा निर्णयहरू कार्यालय एवं करदाता दुवैको पक्षमा भएका छन् ।

## आर्थिक वर्ष २०६९/७० को राजस्व

| क.सं. | | श्रावण | | भाद्र | | आश्विन | | कार्तिक | | मसिर | | पुस | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | असुलि | लक्ष्य | असुलि | लक्ष्य | असुलि | लक्ष्य | असुलि | लक्ष्य | असुलि | लक्ष्य | असुलि |
| १ | जम्मा आयकर | २६६९५८७ | ३३०९०१३ | १७२८१८७ | १९६८८९९ | २१९८५३१ | २८३२४०४ | २८०९२६३ | ३१७५५८३ | २४४५३३३ | २५२९४४२ | १६३१३७१९ | १६७९२१२३ |
| | आयकर | १६१४५१८ | २२४७८८७ | १४३३७१७ | १५७७१९३ | १८६५०६७ | २४८५८८२ | १७०८८६५ | २२६७४२१ | २०८२९७२ | २१४५२०९ | १५५८६९७५ | १६१८४६७७ |
| | वहालकर | १५७५२३ | १५४४५५ | ११९४२५ | १२९६२८ | १४०६९८ | १७०१९६ | १०४९१६ | ८८८१५ | १४४६०५ | १२०१९५ | ३१५६३३ | २७६६३६ |
| | व्याजकर | ८९७५४६ | ९०६६७१ | १७५०४५ | २६२०७८ | १९२७६६ | १७६३२६ | ९९५४८२ | ८१९३४७ | २१७७५६ | २६४०३८ | ४११११ | ३३०८१० |
| २ | मु.अ.क. आन्तरिक | ३५१७९९३ | ३५३८४२० | १९३३८३४ | १९२८५६५ | १९४९६७६ | १७०५१८१ | २१०९८७० | २०२९३६८ | २२८०२६१ | २०१६१३१ | २३६९५५८ | २२६१४०४ |
| ३ | अन्त:शुल्क | १४३२५८३ | १४८३९५२ | १५३३२३२ | १४३०८४८ | १७२५१४२ | १७२०९५९ | २०४४०६७ | १८०५७६८ | २१८४७२२ | १८३७६७६ | १९४१८३३ | १८५५६१३ |
| ४ | शिक्षा सेवा शुल्क | २१८५० | ३४४०४ | ६१५२ | १३५८१ | ९३१६ | १६५०३ | १४४७० | ११९८७ | ४२०५८ | ४८८१९ | ३७०१७ | ३८०४० |
| | जम्मा कर राजस्व | ७६४२०१३ | ८३६५७८९ | ५२०१४०५ | ५३४१८९३ | ५८८२६६५ | ६२७५०४७ | ६९७७६७० | ७०२२७०६ | ६९५२३७४ | ६४३२०६८ | २०६६२१२७ | २०९४७१८० |

२०६९/०७० असार महिनासम्मको कार्यालयगत राजस्व असुलीको विवरण (रु.हजारमा)

| सि.नं | कार्यालय | २०६९/०७० असारसम्मको | | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| | | लक्ष्य | असुली | |
| १ | ठूला करदाता कार्यालय | ६०४४९८४२ | ६०५१३०५८ | १०० |
| २ | काठमाण्डौं क्षेत्र नं १ | ८१३४७७० | ८२९३२३५ | १०२ |
| ३ | भरतपुर | ६५४३९४५ | ६७३५२५९ | १०३ |
| ४ | काठमाण्डौं क्षेत्र नं ३ | ६८१६२३२ | ६६७७७०९ | ९८ |
| ५ | सिमरा | ६६५५७७८ | ५८६७१४५ | ८८ |
| ६ | विरगंज | ४७५०७८६ | ४२२९१६७ | ८९ |
| ७ | ललितपुर | ३९२६१४१ | ४१५४१९६ | १०६ |
| ८ | काठमाण्डौं क्षेत्र नं २ | ३२६०६६० | ३३५६३५८ | १०३ |
| ९ | विराटनगर | ३८०२५३७ | २९८२३४२ | ७८ |
| १० | पोखरा | १९५६०७४ | २०१४८२४ | १०३ |
| ११ | हेटौंडा | १३९८३७० | १७०३८०९ | १२२ |
| १२ | भैरहवा | १५८९५५३ | १५३६५६२ | ९७ |
| १३ | बुटवल | १५०९६६४ | १५२९३५५ | १०१ |
| १४ | धरान | १२९७६२४ | १३९०१०१ | १०७ |
| १५ | भक्तपुर | १२७३९४५ | १३४२६२७ | १०५ |
| १६ | नेपालगंज | ११३२६९७ | ११४६०३६ | १०१ |
| १७ | भद्रपुर | ७६१०१४ | ८५१४८८ | ११२ |
| १८ | जनकपुर | ८१६५१३ | ८४३९६८ | १०३ |
| १९ | लाहान | ७६१९९९ | ७६२४८६ | १०० |
| २० | धनगढी | ६१३२९३ | ६६१४६० | १०८ |
| २१ | कृष्णनगर | ४१७२३३ | ४७६००२ | ११४ |
| २२ | दाङ | ४३९७६३ | ४७१८६७ | १०७ |
| २३ | महेन्द्रनगर | ३४७२९४ | ३५६२०८ | १०३ |
| जम्मा | | ११८,६५५,७२७ | ११७,८९५,२६२ | ९९ |

Grading Report (ALL IROs & LTO) upto Asadh - 2069/070

| Office Name | Audit | | Collection | | Investigation | | TP Services | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Performance | Grade | | | Performance | Grade | Performance | Grade |
| Dharan - 13 | 107.4 | A++ | 106.22 | A++ | | | 107.3 | A++ | 106.95 | A++ |
| Dhangadhi - 20 | 106.6 | A++ | 107.41 | A++ | | | 105.88 | A++ | 106.65 | A++ |
| Lalitpur - 23 | 107.1 | A++ | 106.93 | A++ | | | 102.88 | A++ | 105.77 | A++ |
| Bharatpur - 19 | 108.8 | A++ | 105.43 | A++ | | | 97.7 | A++ | 104.28 | A++ |
| KTM 1 - 27 | 100.3 | A++ | 107.2 | A++ | 110 | A++ | | | 103 | A++ |
| KTM 3 - 25 | 96.23 | A++ | 103.04 | A++ | 110 | A++ | | | 100.8 | A++ |
| Biratnagar - 12 | 105 | A++ | 92.13 | A+ | | | 105.2 | A++ | 100.54 | A++ |
| Bhadrapur - 11 | 93.87 | A++ | 105.42 | A++ | | | 101.75 | A++ | 100.28 | A++ |
| LTO - 52 | 96.65 | A++ | 92.52 | A+ | 101 | A++ | 106.78 | A++ | 98.09 | A++ |
| KTM 2 - 28 | 88.3 | A+ | 101.22 | A++ | 110 | A++ | | | 97.91 | A++ |
| Bhaktapur - 29 | 101.6 | A++ | 105.43 | A++ | | | 83.99 | A | 97.66 | A++ |
| Krisnanagar - 30 | 102.2 | A++ | 97.04 | A++ | | | 86.13 | A+ | 95.59 | A++ |
| Pokhara - 22 | 101.4 | A++ | 95.4 | A++ | | | 87.53 | A+ | 95.13 | A++ |
| Hetaunda - 18 | 97 | A++ | 100.93 | A++ | | | 85.9 | A+ | 95.04 | A++ |
| Dang - 51 | 89.05 | A+ | 93.7 | A+ | | | 102.05 | A++ | 94.58 | A+ |
| Bhairahawa - 24 | 95.84 | A++ | 85.38 | A+ | | | 94.4 | A+ | 91.75 | A+ |
| Mahendranagar - 21 | 77.2 | A | 101.33 | A++ | | | 96.14 | A++ | 91.33 | A+ |
| Janakpur - 14 | 96.1 | A++ | 87.2 | A+ | | | 90.45 | A+ | 91.29 | A+ |
| Nepalgung - 26 | 86.65 | A+ | 85.5 | A+ | | | 103.28 | A++ | 91.24 | A+ |
| Butwal - 33 | 79.42 | A | 96.97 | A++ | | | 96.56 | A++ | 90.7 | A+ |
| Lahan - 15 | 78.44 | A | 96.66 | A++ | | | 87.2 | A+ | 87.45 | A+ |
| Birgunj - 17 | 85.19 | A+ | 87.76 | A+ | | | 87.05 | A+ | 86.65 | A+ |
| Simara - 16 | 84.04 | A | 87.13 | A+ | | | 88.31 | A+ | 86.4 | A+ |
| IRD Performance:96.82(A++) | | | | | | | | | | |

# कार्यगत लक्ष्य प्रगति उत्कृष्ट

आर्थिक वर्ष २०६९/७० मा आन्तरिक राजस्व कार्यालयहरूलाई तोकिएको कार्यगत लक्ष्यको असार मसान्तसम्मको प्रगति विवरण अनुसार आन्तरिक राजस्व कार्यालय धरान सबैभन्दा अगाडि रहेको छ। उक्त कार्यालयको असार मसान्तसम्मको कार्यगत लक्ष्यमा कर परीक्षण, संकलन र करदाता सेवामा क्रमशः १०७.४, १०६.२२ र १०७.३ प्रतिशत प्रगति भई समग्रमा १०६.९५ प्रतिशत प्रगति सहित सबैभन्दा अग्रस्थानमा रहेको छ। सो कार्यालयको ग्रेडिङ A++ रहेको छ। त्यसैगरी आन्तरिक राजस्व कार्यालयहरू धनगढी र ललितपुर १०६.६५ र १०५.७७ प्रतिशत प्रगति गरी क्रमशः दोस्रो र तेस्रो स्थानमा रहन सफल भएका छन्। समग्रमा ९५ प्रतिशत भन्दा बढी प्रगति हासिल गरी ग्रेडिङमा A++ हुने आन्तरिक राजस्व कार्यालयहरूमा क्रमशः भरतपुर, काठमाडौं क्षेत्र नं. १, काठमाडौं क्षेत्र नं. ३, विराटनगर, भद्रपुर, ठूला करदाता कार्यालय, काठमाडौं क्षेत्र नं. २, भक्तपुर, कृष्णनगर, पोखरा र हेटौंडा रहेका छन्। त्यसैगरी बाँकी अन्य सबै आन्तरिक राजस्व कार्यालयहरूले ८५ प्रतिशत भन्दा बढी प्रगति गरेर A+ ग्रेडिङ हासिल गरेका छन्। त्यसैगरी काठमाडौं उपत्यकाभित्रका करदाता सेवा कार्यालयहरू तर्फ करदाता सेवा कार्यालय महाराजगञ्ज, कालिमाटी र त्रिपुरेश्वरले ९५ प्रतिशत भन्दा बढी प्रगति गरी A++ ग्रेडिङ सहित क्रमशः प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गर्न सफल भएका छन्। काठमाडौं उपत्यका भित्रका १३ वटा करदाता सेवा कार्यालयहरूमा करदाता सेवा कार्यालय कलंकी र नयाँ सडकले ८५ प्रतिशत भन्दा बढी प्रगति गरी A+ ग्रेडिङ प्राप्त गरेका छन् भने बाँकी सबै अन्य कार्यालयहरूले ९५ प्रतिशत भन्दा बढी प्रगति गरी A++ ग्रेडिङ प्राप्त गरेका छन्।

| Grading Scheme | |
|---|---|
| Grade | Percentage |
| A++ | 95 & Above |
| A+ | 85 - 95 |
| A | 75 - 85 |
| B | 65 - 75 |
| C | 50 - 65 |
| D | 0 - 50 |

TSO Grading Report upto Asadh - 2069/070

| Office Name | Collection | | TP Services | | Total | |
|---|---|---|---|---|---|---|
| | Performance | Grade | Performance | Grade | Performance | Grade |
| TSO, Maharajgunj | 108 | A++ | 92 | A+ | 100 | A++ |
| TSO, Kalimati | 108 | A++ | 92 | A+ | 100 | A++ |
| TSO, Tripureshwor | 107 | A++ | 92 | A+ | 99 | A++ |
| TSO, Battisputali | 106 | A++ | 92 | A+ | 99 | A++ |
| TSO NewBaneshwor | 104 | A++ | 92 | A+ | 98 | A++ |
| TSO, Putalisadak | 106 | A++ | 90 | A+ | 98 | A++ |
| TSO, Chabahil | 106 | A++ | 89 | A+ | 98 | A++ |
| TSO, Thamel | 105 | A++ | 88 | A+ | 97 | A++ |
| TSO, Koteshwor | 105 | A++ | 88 | A+ | 96 | A++ |
| TSO, Balaju | 99 | A++ | 91 | A+ | 95 | A++ |
| TSO, Tangal | 100 | A++ | 91 | A+ | 95 | A++ |
| TSO, Kalanki | 90 | A+ | 98 | A++ | 94 | A+ |
| TSO, New Road | 94 | A+ | 90 | A+ | 92 | A+ |
| Office Performance:97.07(A++) | | | | | | |

## शिर्षकगत लक्ष्य र असुली

| माघ | | फाल्गुन | | चैत्र | | वैशाख | | जेठ | | असार | | वार्षिक | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य | असुलि | लक्ष्य | असुलि | लक्ष्य | असुलि | लक्ष्य | असुलि | लक्ष्य | असुलि | लक्ष्य | असुलि | कूल लक्ष्य | कूल असुलि | |
| ३३२००९१ | ३९२००६७ | १९०७७५६ | २१२५२०२ | ११२७५६१० | ११५३६४०२ | २९८९१३१ | ३६९२३०४ | ३११३७७१ | २६७६७८७ | १२७०९२१९ | १२३९५१४४ | ६३४८०१९८ | ६६९५३३७० | १०५ |
| २०१८२९४ | २८६७४४२ | १५४१२५२ | १८५५५१३ | १०८५८२३३ | ११२२७९७४ | १६८७३५१ | २६६८६७४ | २७१९१२९ | २३८५३०४ | ११७३८८२५ | ११५५३२२७ | ५४८५५१९८ | ५९४६६४०३ | १०८ |
| १२२६२७ | १२४५६४ | १३३८४९ | ११०१३१ | १६७९३३ | १३८७७१ | १३१६०६ | ११९६०५ | १४४९०७ | ११३६४१ | ३६६२७८ | ४१३०३५ | २०५०००० | १९५९६७२ | ९६ |
| ११७९१७० | ९२८०६१ | २३२६५५ | १५९५५८ | २४९४४४ | १६९६५७ | ११७०१७४ | ९०४०२५ | २४९७३५ | १७७८४२ | ६०४११६ | ४२८८८२ | ६५७५००० | ५५२७२९५ | ८४ |
| २३४६५५० | २०७३३४० | २२८७९७४ | २००७५१२ | २९५२२२२ | २६९६१०७ | २७९४८५२ | २३५९२३२ | २५६४८४६ | २५६७०१८ | ३२९९०५४ | ३२८००४९ | ३०४०६६९० | २८४६२३२७ | ९४ |
| १८५४४११ | १३३६६९४ | २०७२३३६ | १६८००१४ | १९५७७३८ | १८७८३०९ | १९९३८९० | १८५५९०८ | २४२५३५१ | २३८३६३९ | ३३३१४३१ | २८२६७२० | २४४९६७३६ | २२०९६१०० | ९० |
| १५६३० | १४९६८ | १५५५० | ११३१६ | ५०१४२ | ५२५९८ | १२२६२ | १९०८९ | १५८०३ | १४१४२ | ३१८५३ | ४४६९८ | २७२१०३ | ३२०१४५ | ११८ |
| ७५३६६८२ | ७३४५०६९ | ६२८३६१६ | ५८२४०४४ | १६२३५७१२ | १६१६३४१६ | ७७९०१३५ | ७९२६५३३ | ८११९७७१ | ७६४१५८६ | १९३७१५५७ | १८५४६६११ | ११८६५५७२७ | ११७८३१९४२ | ९९ |

## GIZ-RAS परियोजनाको योजना कार्यशाला सम्पन्न

**GIZ-RAS** परियोजनाले आन्तरिक राजस्व विभागलाई आगामी दुई वर्ष ६ महिनासम्म ( डिसेम्बर २०१५) प्रदान गर्ने सहयोगका लागि कार्यक्रमहरूको छनौट गर्ने तथा सहयोग योजनाको खाका तयार गर्ने कार्यशाला यही साउन १८ गते शुक्रवारका दिन सम्पन्न भयो। सो कार्यशालामा असार २४ मा भएको सूचना प्रविधि सम्बन्धी, साउन ३ मा भएको मानव संशाधन व्यवस्थापन तथा योजना र साउन ८ र ९ मा भएको साना तथा मझौला व्यवसायीहरूलाई गरिने करारोपण सम्बन्धी व्यवस्थाको वारेमा भएका छलफलको निचोड प्रस्तुत गरिएको थियो। सो कार्याशालालाई सम्बोधन गर्दै विभागका महानिर्देशक श्री टंकमणि शर्माले विगत वर्षमा झै यो आ.व.लाई पनि कर प्रणाली सुधार वर्षकै रुपमा मनाइने भएको जानकारी गराउनुहुदै यस वर्ष राष्ट्रिय स्तरको कर मेलाको आयोजना गरिने योजना रहेको धारणा राख्नुभयो । यस कार्यशालाले पाँच वर्षे रणनीतिक योजना र तीनवर्षे कर प्रणाली सुधार कार्ययोजनाको कार्यान्वयनमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्दै GIZ/RAS परियोजनाको सहयोग रकमको सदुपयोग गर्न आन्तरिक राजस्व विभाग प्रतिवद्ध रहेको धारणा व्यक्त गर्नुभयो ।

सो कार्यशालामा GIZ/RAS का कार्यक्रम व्यवस्थापक इलेन कलिनोक्सीले कार्यशालाको उद्देश्यमाथि प्रकाश पार्दै GIZ/RAS परियोजनाले आन्तरिक राजस्व विभागलाई सूचना प्रविधिको प्रयोग, मानव संशाधन विकास एवं साना तथा मझौला व्यवसायहरूमा करारोपण सम्बन्धी क्षेत्रहरूमा आगामी दुई वर्ष ६ महिनाको सहयोग केन्द्रित गर्ने धारण राख्नुभयो । कार्यशालामा आन्तरिक राजस्व विभागका निर्देशक श्री मदन दहालले कार्यपत्र प्रस्तुत गर्दै दिगो आर्थिक विकासको छाता अवधारणा अन्तर्गत आन्तरिक राजस्व विभागले प्राप्त गरेको GIZ/RAS परियोजनाले प्रदान गर्ने आर्थिक सहायता आगामी डिसेम्बर २०१५ सम्म कायम रहने धारणा व्यक्त गर्दै विगतमा भएका तीनवटा कार्यशालाका वारेमा संक्षिप्त विवरण समेत प्रस्तुत गर्नुभएको थियो। सो कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरू, निर्देशकहरू, प्रमुख कर प्रशासकहरू तथा प्रमुख कर अधिकृतहरू लगायत परियोजनाका कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो ।

## सरुवा

नेपाल सरकार (मा. मन्त्रिस्तर) को २०७० श्रावण ६ गतेको निर्णयानुसार आन्तरिक राजस्व विभागका उपमहानिर्देशकद्वयमा श्री गणेशप्रसाद पाण्डे र श्री राजेन्द्रप्रसाद शर्माको सरुवा भएको छ भने विभागका तत्कालिन उपमहानिर्देशकद्वय श्री रामशरण पुडासैनी र श्री विष्णुप्रसाद नेपालको क्रमशः अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको सहसचिव पदमा सरुवा भएको छ । विभागका उपमहानिर्देशकका रुपमा आउनुभएका श्री पाण्डे र श्री शर्मा तत्कालिन अवस्थामा क्रमशः आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. ३ र क्षेत्र नं. १ को प्रमुख कर प्रशासकका रुपमा कार्यरत हुनुहुन्थ्यो। सोही निर्णय बमोजिम आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ र क्षेत्र नं. ३ मा प्रमुख कर प्रशासकका रुपमा क्रमशः श्री ढुण्डिराज पोख्रेल र श्री गंगाराम गेलालको सरुवा भएको छ । उहांहरू दुवै अर्थ मन्त्रालयबाट उपरोक्त कार्यालयहरूमा सरुवा हुनुभएको हो। सरुवा कै क्रममा नेपाल सरकार (मा. मन्त्रिस्तर) को २०७० श्रावण ६ कै निर्णय बमोजिम करदाता सेवा कार्यालय, ठमेलका प्रमुख कर अधिकृत श्री सन्तोष श्रेष्ठको राष्ट्रिय अनुसन्धान मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैयाको प्रमुख अनुसन्धान अधिकृत, आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ का प्रमुख कर अधिकृत श्रीमती चन्द्रकला पौडेलको आन्तरिक राजस्व विभागको निर्देशक, आन्तरिक राजस्व कार्यालय दाङको प्रमुख कर अधिकृत श्री निर्मल ढकालको आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १, आन्तरिक राजस्व कार्यालय ललितपुरका प्रमुख कर अधिकृत श्री कूलप्रसाद चुडालको अर्थ मन्त्रालय, आन्तरिक राजस्व कार्यालय भद्रपुरका प्रमुख कर अधिकृत डा. नारायण ढकालको अर्थ मन्त्रालय, करदाता सेवा कार्यालय, त्रिपुरेश्वरका प्रमुख कर अधिकृत श्री षडानन्द गुरुङको आन्तरि राजस्व कार्यालय, भद्रपुर, आन्तरिक राजस्व कार्यालय कृष्णनगरका प्रमुख कर अधिकृत श्री जगदीश्वर उपाध्यायको आन्तरिक राजस्व कार्यालय पोखरा, अर्थ मन्त्रालय वा अन्तर्गतका श्री मुक्तिराम आचार्यको आन्तरिक राजस्व कार्यालय महेन्द्रनगरको प्रमुख कर अधिकृतमा र अर्थ मन्त्रालयका श्री देवीप्रसाद शर्माको आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ को प्रमुख कर अधिकृतमा सरुवा भएको छ भने अर्थ वा अन्तर्गतका श्री सुनिल कुमार श्रेष्ठको आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ मा काज सरुवा भएको छ । त्यसैगरि सोही निर्णयानुसार श्री चन्द्रबहादुर खड्कालाई एकद्वार समितिको अतिरिक्त करदाता सेवा कार्यालय, त्रिपुरेश्वरको प्रमुख कर अधिकृतको रुपमा काम काज गर्ने गरी तोकेको छ। सोही क्रममा आन्तरिक राजस्व विभागको २०७० श्रावण ६ को विभागस्तरिय निर्णयानुसार प्रशासन सेवा, राजस्व समूह, रा.प.तृतीय श्रेणीका ९७ जना शाखा अधिकृतहरूको विभाग र अन्तर्गका आन्तरिक राजस्व कार्यालयहरूमा सरुवा भएको छ । सोही क्रममा २ जना कम्प्यूटर अधिकृतहरू, ४० जना टा.ना.सु/टा.ख./डा.इ.सु , ११ जना हलुका सवारी चालकहरू र २७ जना कार्यालय सहयोगीहरूको समेत सो क्रममा विभाग र अन्तर्गका आन्तरिक राजस्व कार्यालयहरूमा सरुवा गरिएको छ ।

## बेरूजु फछ्र्यौट, बक्यौता असुली र कर परीक्षण तथा अनुसन्धानमा भएको प्रगति

गत वर्ष ठूलो रकम कर बक्यौता राखी तिर्न अटेर गर्ने करदाताहरू उपर कानूनी कारवाही अगाडी बढाइ राजस्व संकलनमा जोड दिइयो। यस अवधिमा आयकर बक्यौता राख्ने २१८, मूल्य अभिवृद्धि कर बक्यौता राख्ने ६५९ र अन्तःशुल्क बक्यौता राख्ने ४३ वटा करदाताहरूलाई कानूनी कारवाही गरी जम्मा रु. २१ करोड ५२ लाख २४ बक्यौता कर असुल उपर गरिएको छ। यस आ.व. मा ७० करोड ३५ लाख ६७ हजार आयकर र १ अर्ब ६१ करोड १८ लाख ८४ हजार मूल्य अभिबृद्धि कर बक्यौता असुल गरिएको छ। कर परीक्षण तथा अनुसन्धानतर्फ आ.व. २०६९/०७० मा ४०७० करदाताहरूको पूर्ण कर परीक्षण गरी रु. ७ अर्ब ३६ करोड ५९ लाख ६८ हजार कर निर्धारण गरिएको छ भने ७१३ करदाताहरूको विस्तृत अनुसन्धान र ३९ वटा करदाताहरूको विद्युतीय तथ्यांकमा आधारित अनुसन्धान गरी रु. २ अर्ब ६ करोड ६४ लाख ५९ हजार कर निर्धारण गरिएको छ । आन्तरिक राजस्व विभाग र यस अन्तर्गतका कार्यालयहरूको गत आर्थिक वर्ष २०६९/७० का लागि लगत सरेको जम्मा बेरुजु रू.३०३५१८९ हजार मध्ये गत आर्थिक वर्षको असार मसान्तसम्म रू.१७९२५६६ हजार अर्थात् बेरुजुको ५९ प्रतिशत संपरीक्षण भएको छ। कार्यालयगत हिसावमा विभाग समेत १२ वटा कार्यालयहरूको प्रगति ७० प्रतिशत भन्दा बढी रहेको छ भने १७ वटा कार्यालयहरूको ५० प्रतिशत भन्दा बढी रहेको छ । गत आर्थिक वर्षमा सवैभन्दा बढी बेरुजु संपरीक्षण गर्ने ५ कार्यालयहरूमा

**सवैभन्दा बढी बेरुजु संपरीक्षण गर्ने पाँच कार्यालयहरू (रु हजारमा)**

| क.सं. | कार्यालय | बेरुजु अंक | फछ्र्यौट अंक | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | दाङ | १०८ | १०८ | १०० |
| २. | कृष्णनगर | ३१६१ | ३१०८ | ९८.३ |
| ३. | पोखरा | ७४५२० | ६६६१८ | ८९.४ |
| ४ | ललितपुर | ५०९८५ | ३९५०९ | ७७.५ |
| ५ | विराटनगर | ११५४२० | ८९२७७ | ७७.३ |

आन्तरिक राजस्व कार्यालयहरू, दाङ, कृष्णनगर, पोखरा, ललितपुर र विराटनगर रहेका छन्। बेरुजु फछ्र्यौटमा दाङले १०० प्रतिशत, कृष्णनगरले ९८.३ प्रतिशत, पोखराले ८९.४ प्रतिशत, ललितपुरले ७७.५ प्रतिशत र विराटनगरले ७७.३ प्रतिशत प्रगति हासिल भएको छ। जसै अन्तर्गत सवैभन्दा बढी बेरुजुको Volume हुने ठूला करदाता कार्यालयको ७०६४७० हजार बेरुजु मध्ये ४२६३०६ हजार अर्थात् ६०.३ प्रतिशत बेरुजु फछ्र्यौट गरी चौथो स्थानमा रहेको छ ।

# लेखा प्रमुखहरूसँगको अन्तर्क्रिया सम्पन्न

आन्तरिक राजस्व विभागले काठमाडौं उपत्यकास्थित सरकारी कार्यालयहरू तथा सार्वजनिक संस्थानहरूका लेखा प्रमुखहरूसँग २०७० असार १० गते एक अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ। उक्त अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै अर्थमन्त्रालयका सहसचिव श्री राजन खनालले कर संकलनमा लेखामा कार्यरत कर्मचारीहरूको महत्वपूर्ण भूमिका हुने बताउनुभयो । उक्त कार्यक्रममा श्री खनालले कर संकलन गर्ने कार्यमा आर्थिक प्रशासनले राजस्व प्रशासनलाई सहयोग गर्नुपर्ने बताउनु हुँदै उपयुक्त रुपले लेखाराख्न विशेष ध्यान दिन उपस्थित सम्पूर्ण लेखा प्रमुखहरूलाई आग्रह गर्नुभयो। यसै क्रममा उहाँले आर्थिक क्षमता मजबुत बनाएर अर्थतन्त्रलाई बलियो बनाउन र राज्य बलियो बनाउने कार्यमा सहयोग गर्न समेत उपस्थित लेखा प्रमुखहरूलाई आग्रह गर्नुभएको थियो । कार्यक्रमका सभापति महानिर्देशक श्री टंकमणि शर्माले आयकर ऐन, २०५८ निजी तथा सरकारी सवै व्यक्तिहरूलाई समान रुपमा लागूहुने बताउनु हुँदै कर सम्बन्धी कुनै समस्या भएमा देशभरमा रहेका कुनैपनि आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयहरूमा सम्पर्क राख्न अनुरोध गर्नुभयो । समयमै श्रोतमा कर कट्टी (TDS) गरेको करको विवरण बुझाएर जरिवानाबाट बच्न पनि आग्रह गर्नुहुँदै श्री शर्माले संस्थानहरूको लेखा तथा हिसाव राख्ने कर्मचारीहरूले समयमै विवरण नबुझाएमा त्यसको जिम्मेवारी सञ्चालक समितिले नलिने हुँदा लेखा प्रमुखले व्यक्तिगत रुपमा जिम्मेवार हुनुपर्ने अवस्था नआओस् भन्नेतर्फ सवैको ध्यानाकर्षण गराउनुभयो । सहमहालेखा नियन्त्रक श्री अर्जुनप्रसाद पोखेलले उपस्थित लेखा प्रमुखहरूलाई सम्बोधन गर्दै कट्टा गरिएको स्रोतमा कट्टीको (टीडीएस) रकम समयमै दाखिला गर्न निर्देशन दिनुभयो । कर प्रशासन र आर्थिक प्रशासन एउटै सिक्काका दुइवटा पाटा भएको हुँदा सहकार्य गर्न सधै तत्पर रहेको प्रतिवद्धता समेत सो अवसरमा उहाँले व्यक्त गर्नुभयो। कार्यक्रममा विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमाथि उपस्थित सहभागीहरूले छलफल गरेका थिए। विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालको स्वागत मन्तव्य राख्नुभएको उक्त अन्तरक्रिया कार्यक्रममा आन्तरिक राजस्व क्षेत्र नं. १ का कर प्रशासक श्री गणेशप्रसाद पाण्डेले समेत आयकर सम्बन्धी आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रम लेखा प्रमुखहरूलाई कर सङ्कलनका दौरान परेका समस्या र त्यसको निराकरणका लागि अपनाउनु पर्ने उपायहरू पत्तालगाउने उद्देश्यले आयोजना गरिएको हो । विभिन्न सरकारी कार्यालयहरू तथा सरकारी स्वामित्वमा सञ्चालित संस्थानहरूका लेखा प्रमुखहरूले आ-आफ्ना समस्या र सुझावहरू प्रस्तुत गर्नुभएको सो कार्यक्रममा विभागका उपमहानिर्देशकहरू, निर्देशकहरू, काठमाडौं उपत्यकास्थित आन्तरिक राजस्व कार्यालयहरूमा कार्यरत प्रमुख कर प्रशासकहरू तथा प्रमुख कर अधिकृतहरूको उपस्थिति रहेको थियो ।



लेखा प्रमुखहरुसँगको अन्तर्क्रिया कार्यक्रमका सहभागीहरु

## एकीकृत बजार अनुगमन कार्यक्रम सञ्चालन

आन्तरिक राजस्व विभागले कर प्रणाली सुधार वर्ष २०६९ लाई थप प्रभावकारी तुल्याउने उद्देश्यले आ.व. २०६९/०७० मा एकीकृत बजार अनुगमन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गऱ्यो । उक्त कार्यक्रम अन्तर्गत विभाग र मातहतका कार्यालयहरूको टोलीबाट २०७० आषाढ मसान्तसम्ममा जम्मा १५४३५ करदाताहरूको अनुगमन सम्पन्न भइसकेको छ। त्यसै गरी सोही क्रममा कानून बमोजिम कर पालना नगर्ने १२५५ करदाताहरूलाई जम्मा रु. ६७ लाख १८ हजार ६ सय ७५ जरिवाना गरिएको छ। सो कार्यक्रम अन्तर्गत मूल्य अभिवृद्धि कर, आयकर, अन्तः शुल्क, घर बहाल कर, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा शुल्क लगायतका करदाताहरूको दर्ता, विवरण तथा कर दाखिला, बिल बिजकको अनुगमन लगायतका करदाताले पालना गर्नुपर्ने कर सम्बन्धी दायित्व परिपालना गरे/नगरेको अनुगमन गर्ने गरिएको छ। घर बहाल कर असुलीलाई सघन बनाउन गत आ.व.मा १९९०९ करदाताहरूको अनुगमन गरी रु १२ करोड १५ लाख १९ हजार थप कर असुल गरिएको छ। यस आ.व. मा कूल १ अर्ब ९६ करोड ९ लाख ९७ हजार बहाल कर संकलन गरिएको छ। यस अभियानबाट कर परीक्षण, अनुसन्धान र अनुगमनको कार्य थप प्रभावकारी हुनुका साथै कर चुहावटका क्षेत्र र कारोवार पहिचानमा समेत सघाउ पुग्ने देखिन्छ ।

## कर शिक्षा एवं चेतना अभिबृद्धि तर्फ ऐतिहासिक कार्य

२०६९ मंसिर १ गते प्रथम राष्ट्रिय कर दिवस र मंसिर १ देखि ७ सम्म कर सप्ताह भव्य रुपमा मनाइयो। यो कार्यक्रममा राष्ट्रियस्तरमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट १० जना करदाताहरूलाई सम्मान गरियो। त्यस्तै आन्तरिक राजस्व कार्यालयहरुबाट ६७ वटा करदाताहरुलाई स्थानीयस्तरमा सम्मान गरियो। त्यसैगरी करदाताहरुलाई कर सम्बन्धी जानकारी तथा चेतना अभिवृद्धि गर्ने उद्देश्य राखी विभागबाट राष्ट्रियस्तरमा २६ वटा र कार्यालयहरुबाट स्थानीयस्तरमा ११७३ वटा अन्तरक्रिया एवं अनुशिक्षण कार्यक्रमहरू सम्पन्न भएका र यी कार्यक्रमहरुमा झण्डै १ लाख २० हजार करदाताहरूले करसम्बन्धी जानकारी प्राप्त गरेका थिए। विभागका काम र प्रगति बारे जानकारी दिन मासिक रुपमा कर बुलेटिन प्रकाशन गर्ने कार्यको थालनी यसै आ.व.बाट भएको हो। यस आ.व.मा जम्मा ९ वटा बुलेटिनहरू प्रकाशन भएका छन् ।

# परिपत्रहरू

**आर्थिक अध्यादेश, २०७० को दफा २० : खाँडसारी उद्योगलाई दस्तुर तथा जरिवाना मिनाहा सम्बन्धी व्यवस्था**

आर्थिक अध्यादेश, २०७० को दफा २० मा उल्लेख भएको खाँडसारी उद्योगले आर्थिक बर्ष २०७०/०७१ को लागि तोकिएको दरमा आर्थिक बर्ष २०६९/०७० सम्म बुझाउनु पर्ने नविकरण दस्तुर बुझाएमा बाँकी बिलम्ब शुल्क तथा जरिवाना मिनाहा हुने छ।

## आर्थिक अध्यादेश, २०७० को दफा २१ः थप दस्तुर, शुल्क, ब्याज तथा जरिवाना मिनाहा

१. आर्थिक अध्यादेश, २०७० दफा २१ को उपदफा (१) अनुसार आर्थिक बर्ष २०६८/६९ वा सो भन्दा अघिका बर्षहरूको आय विवरण दाखिला नगर्ने करदाता जसको बार्षिक करोवार रु. २० लाखसम्म रहेको तथा त्यसको बार्षिक आय २ लाखको सिमा भित्र भएका करदाताहरूले आर्थिक बर्ष ०६७/६८ तथा ०६८/६९ को आय विवरण सहित ती बर्षहरूको लाग्ने आयकर २०७० साल असोज मसान्त भित्र बुझाएमा उल्लेखित आर्थिक बर्ष भन्दा अगाडिका बर्षहरूको आय विवरण बुझाउनु नपर्ने तथा कर, शुल्क तथा ब्याज मिनाहा हुने व्यवस्था गरिएको छ। आर्थिक अध्यादेशको सो सुविधा लिन चाहने करदाताले आर्थिक बर्ष ०६७/०६८ तथा ०६८/०६९ को आय विवरण सहित अनुसूची १ को दफा १ वा २ को व्यवस्था अनुसार लाग्ने कर दाखिला गर्नुपर्ने छ। यस्तो विवरण तथा प्राप्त भएको करको छुट्टै अभिलेख राख्नु पर्नेछ।

२. आर्थिक अध्यादेश, २०७० को दफा २१ को उपदफा २ ले मूल्य अभिबृद्धि करमा दर्ता भएको ब्यक्तिले आर्थिक बर्ष ०६८/६९ वा सो भन्दा अगाडिका कर अवधिका कर विवरण र सो अनुसार दाखिला गर्नुपर्ने मूल्य अभिबृद्धि कर दाखिला नगरेको अवस्था रहेछ भने त्यस्तो ब्यक्तिले २०७० साल पौष मसान्त भित्र आ.ब. २०६८/६९ वा सो भन्दा अघि सम्मको आफूले बुझाउनु पर्ने कर विवरणहरू तथा सो मा लाग्ने मूल्य अभिबृद्धि कर दाखिला गरेमा उक्त अवधिको लागि कर विवरण तथा कर दाखिला नगरेको कारणबाट लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिनाहा हुने छ। यो व्यवस्था अन्तर्गत कर विवरण प्राप्त भई Protax System मा entry गरेपछि सिर्जना हुने थप दस्तुर, ब्याज तथा जरिवाना लाई तत्काल Rebate दिई हिसाब मिलान गरी सो को छुट्टै अभिलेख राख्नु पर्नेछ।

## आर्थिक अध्यादेश, २०७० को दफा २२ : करको दायरामा आउनेलाई शुल्क तथा ब्याज मिनाहा

१. आर्थिक अध्यादेश, २०७० को दफा २२ को उपदफा (१) मा उल्लेखित ब्यक्ति वा निकायहरूले आर्थिक बर्ष ०६८/६९ भन्दा अगाडिका बर्षहरूमा कर लाग्ने आय आर्जन गरेको तरे स्थायी लेखा नम्बर नलिएको र त्यसरी आर्जित आयमा कर दाखिला नगरेको भएमा त्यस्ता ब्यक्ति तथा निकायले २०७० साल पौष मसान्त भित्र आर्थिक बर्ष २०६७/०६८ तथा २०६८/६९ को आय विवरण र आय गणना गरी आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १ तथा २ मा तोकिएको दर अनुसार लाग्ने कर दाखिला गरी स्थायी लेखा नम्बर लिएमा सो भन्दा अघिका आय विवरणहरू दाखिला गर्नु नपर्ने र ती बर्षहरूमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिनाहा हुने भएकोले सोही बमोजिम गर्न व्यवस्था मिलाउने।

२. आर्थिक अध्यादेश, २०७० को दफा २२ को उपदफा (१) मा उल्लेख भएका ब्यक्ति तथा निकायहरूले आर्थिक बर्ष २०६८/६९ भन्दा अगाडिका आय बर्षहरूमा कर लाग्ने आय आर्जन गरेको तर आय विवरण तथा कर दाखिला नगरी बसेको र आर्थिक अध्यादेशको दफा २२ ले दिएको सुविधा उपयोग गरी आय विवरण तथा कर दाखिला नगरेमा आयकर ऐन, २०५८ ले गरेको व्यवस्था अनुसार कर, शुल्क, ब्याज तथा जरिवाना निर्धारण गरी निर्धारण गरिएको कर रकम असूल उपर गरिने व्यवस्था आर्थिक अध्यादेशको दफा २२ को उपदफा (२) ले गरेको छ। यसरी प्राप्त भएका आय विवरण तथा करको छुट्टै अभिलेख राखी २०७० पौषसम्म करको दायरामा नआउने र कर दाखिला नगर्ने ब्यक्ति तथा निकायहरूलाई कानूनी कारवाही गरी कर असुल गर्ने व्यवस्था मिलाउने।

## आर्थिक अध्यादेश, २०७० को दफा २३ : पत्रकार एवं सञ्चार तथा प्रकाशन गृहलाई शुल्क तथा ब्याज मिनाहा

आर्थिक अध्यादेश, २०७० को दफा २३ मा उल्लेखित ब्यक्तिहरूले २०७० साल पौष मसान्त भित्र आर्थिक बर्ष २०६८/६९ को करयोग्य आयमा आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १ वा २ मा तोकिएको दरले कर गणना गरी आय विवरण तथा कर रकम दाखिला गरी स्थायी लेखा नम्बर लिएमा आर्थिक बर्ष २०६८/६९ भन्दा अगाडीका आर्थिक बर्षहरूको आय विवरण पेश गर्नु नपर्ने एवं सो मा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिनाहा हुने व्यवस्था रहेकोले सोही बमोजिम गर्ने र यस्ता आय विवरण र प्राप्त करको छुट्टै अभिलेख राख्ने।

## आर्थिक अध्यादेश, २०७० को दफा २४ : सहकारी संघ संस्थालाई आयकर, शुल्क, ब्याज सम्बन्धी विशेष व्यवस्था

आर्थिक अध्यादेश, २०७० को दफा २४ ले सहकारी संघ संस्थालाई लाग्ने आयकर, शुल्क, ब्याज सम्बन्धमा निम्नानुसार विशेष व्यवस्था गरेको छ।

**आयकर सम्बन्धमा :**

आयकर ऐन, २०५८ को अनुसूची १ को दफा २ को उपदफा (३) को खण्ड ३ मा तोकिएको दर अनुसार कर तिर्ने सहकारी संस्थाहरूले आफ्नो संस्थाको बित्तिय विवरण नेपाल चार्टर्ड एकाउण्टेन्ट संघबाट मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराई आय बर्ष २०६७/६८ तथा २०६८/६९ को आय विवरण र सोमा लाग्ने आयकर २०७० साल पौष मसान्त भित्र दाखिला गरेमा सो भन्दा अगाडिका आय बर्षहरूको आय विवरण दाखिला गर्नु नपर्ने एवं सो मा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिनाहा हुने।

**श्रोतमा कर कट्टी सम्बन्धमा :**

आयकर ऐन, २०५८ को अनुसूची १ को दफा २ को उपदफा (३) को खण्ड ३ मा तोकिएको दर अनुसार कर तिर्ने दायित्व भएका सहकारी संस्थाहरूले आफ्नो संस्थाको बित्तिय विवरण नेपाल चार्टर्ड एकाउण्टेण्ट संघबाट मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराई आर्थिक बर्ष २०६७/६८ वा २०६८/६९ मा सहकारी संस्थाले भुक्तानी गरेको कुनै रकममा आयकर ऐनको परिच्छेद १८ मा भएको व्यवस्था अनुसार भुक्तानी गर्दा अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने रकम अग्रिम कर कट्टी गर्नुपर्ने दर अनुसार अग्रिम कर गणना गरी हुन आउने अग्रिम कर कट्टी रकम वा अग्रिम कर कट्टी भएको तर दाखिला नगरेको भए सो समेत २०७० साल पौष मसान्त भित्र दाखिला गरेमा अग्रिम कर कट्टी नगरेको कारणबाट लाग्ने शुल्क तथा ब्याज मिनाहा हुने।

**सुविधा उपयोग नगर्ने ब्यक्तिको सम्बन्धमा :**

आर्थिक अध्यादेश, २०७० को दफा २४ ले दिएको सुविधा उपभोग गरी करको औपचारिकता पुरा नगर्ने सहकारी संस्थाहरूको हकमा जुन जुन आय बर्षमा कारोवार गरेको छ सो आय बर्षहरूको आयकर ऐन, २०५८ मा भएको व्यवस्था अनुसार आयकर एवं अग्रिम कर कट्टी गर्नुपर्ने रकम गणना गरी कर निर्धारण गर्नु पर्नेछ। कर तथा अग्रिम कर निर्धारण गर्दा ऐनको व्यवस्था अनुसार शुल्क तथा ब्याज समेत गणना गरिने र त्यसरी निर्धारण भएको सम्पूर्ण कर रकम आयकर ऐनमा बक्यौता असूल गर्ने सम्बन्धमा भएको व्यवस्था अनुसार असुल गर्ने व्यवस्था मिलाउने। यस्ता सहकारी संस्थाहरूले दाखिला गरेको आय विवरणा र करको छुट्टै अभिलेख राख्नु पर्नेछ।

## आर्थिक अध्यादेश, २०७० को दफा २५ : कुखुराको अण्डा राख्ने क्रेटमा कर मिनाहा सम्बन्धी व्यवस्था

कुखुराको अण्डा राख्ने क्रेट उत्पादन गर्ने उद्योगको हकमा आन्तरिक राजस्व कार्यालयबाट यो अध्यादेश प्रारम्भ हुँदाको समयसम्म कर निर्धारण भई बुझाउन बाँकी रहेको मूल्य अभिबृद्धि कर तथा सो मा लागेको जरिवाना, थप दस्तुर तथा ब्याज मिनाहा हुने व्यवस्था गरेको हुंदा त्यस्ता करदाताको Rebate


वस्तु वा सेवा खरीद गर्दा अनिवार्य रूपमा बिल बिजक लिने दिने बानी बसालौं।

दिई कम्प्युटर अभिलेख बाट वक्यौता हटाउने । यसरी Rebate दिएको विवरण छुट्टै अभिलेख राख्ने ।

**आर्थिक अध्यादेश, २०७० को दफा २६ : पूर्वानुमानित कर विवरण पेश गर्ने करदाताको लागि बिषेश व्यवस्था**

मूल्य अभिवृद्धि करमा दर्ता नभएका र आर्थिक वर्ष २०६८/०६९ सम्ममा बीस लाख रुपैया'भन्दा कम कारोवार देखाई आयकर तर्फ पूर्वानुमानित कर विवरण बुझाई सकेका करदाताहरूले आर्थिक वर्ष २०६९/०७० सम्मको आफ्नो कारोवार कम घोषणा गरी वास्तविक बिक्री अंक फरक परेको भएमा त्यस्ता करदाताहरूले २०७० साल पौष मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने कारोवार गरेको भएमा दर्ता भई कारोवारको स्वयं घोषणा गरी फरक परेको बिक्री अंकको तोकिएको दरमा मूल्य अभिवृद्धि कर र आयकर वापत रकम बुझाएमा करदाताले घोषणा गरेको हदसम्मको सो कर अन्तिम हुने व्यवस्था गरेको हुँदा सोही बमोजिम कार्यान्वयन गर्ने ।

(यस सम्बन्धी घोषणा फारम र सो फारम भर्ने निर्देशिका यसै साथ संलग्न गरिएको छ । )

**आर्थिक अध्यादेश, २०७० को दफा २७ : ईट्टा उत्पादक उद्योगहरूको दर्ता सम्बन्धी बिशेष व्यवस्था**

आर्थिक अध्यादेश, २०७० को दफा २७ ले ईट्टा उत्पादक उद्योगहरू सम्बन्धमा निम्नानुसार बिशेष व्यवस्था गरेको छ ।

**मूल्य अभिबृद्धि करमा दर्ता भएमा :**

ईट्टा उत्पादक उद्योगहरूले २०७० साल असोज मसान्त भित्र मूल्य अभिबृद्धि करमा दर्ता भई कारोवार गरेमा त्यस्ता उद्योगहरू दर्ता हुनु पूर्व गरेको करयोग्य कारोवारमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुने व्यवस्था गरेको छ ।

**बिगतमा भएको मूल्य अभिबृद्धि कर निर्धारण सम्बन्धमा :**

ईट्टा उत्पादक उद्योगको हकमा आर्थिक बर्ष २०६८/६९ सम्म आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भएको मूल्य अभिबृद्धि कर २०७० साल असोज मसान्त भित्र दाखिला गरेमा कर निर्धारण गर्दा बखत निर्धारण भएको जरिवाना, थप दस्तुर र ब्याज एवं कर निर्धारण पश्चात सिर्जना भएको थप दस्तुर तथा ब्याज समेत मिनाहा गर्ने । निर्धारित कर दाखिला भएपछि जरिवाना थप दस्तुर र ब्याजको दायित्व शून्य गर्न कार्यालयले तत्काल Rebate दिने र त्यसको छुट्टै अभिलेख राख्ने ।

**अन्तःशुल्क ईजाजत दस्तुर सम्बन्धमा :**

ईटा उत्पादक उद्योगहरूले २०७० साल असोज मसान्त भित्र मूल्य अभिबृद्धि करमा दर्ता भएका त्यस्ता उद्योगहरूले अर्थिक बर्ष २०६८/६९ सम्मको बक्यौता अन्तःशुल्क ईजाजत दस्तुर बुझाएमा सो मा लाग्ने जरिवाना बिलम्ब दस्तुर तथा ब्याज मिनाहा हुने ब्यवस्था रहेको छ ।

**अन्तःशुल्क ईजाजत खारेज गरी उद्योग खारेजीको प्रकृयामा गएमा :**

बिगतमा बिभिन्न कारणले सञ्चालनमा नरहेका र अन्तःशुल्क इजाजत पत्र नविकरण नगरेका ईंटा उद्योगहरू प्रचलित कानुन बमोजिम सम्बत् २०७० साल असोज मसान्त भित्र अन्तःशुल्क इजाजत पत्र खारेज गरी उद्योग दर्ता खारेजी प्रकृयामा गएमा लाग्ने इजाजत दस्तुर विलम्ब दस्तुर, जरिवाना र व्याज मिनाहा हुने छ ।

(आर्थिक अध्यादेश, २०७० को दफा २६ को प्रयोजनको लागि)

**श्रीमान कर अधिकृतज्यू,**

**आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालय,**

... ... ... ... ... ... ... ।

मैले आर्थिक बर्ष ... ... ... मा रु. २० लाख भन्दा कम बिक्री देखाई आयकर ऐन, २०५८ को अनुसूची १ को दफा १ को उपदफा (७) मा तोकिएको दरमा आयकर दाखिला गरी पूर्वानुमानित आय विवरण बुझाएको थिएँ । उक्त आर्थिक बर्षमा मेरो ब्यवसायको बिक्रीको सही रुपमा लेखांकन नभएको कारणले मैले ऐनको उपरोक्त ब्यवस्था छनौट गरेको थिएँ । तर हाल उक्त आर्थिक बर्षमा मेरो कारोबारको रकम ऐनको उपरोक्त ब्यवस्था अन्तर्गत तोकिएको बिक्रीको सिमा भन्दा बढी देखिएकाले आर्थिक अध्यादेश, २०७० को दफा २६ को ब्यवस्था अनुसार देहाय बमोजिमको यथार्थ बिक्री रकम घोषणा गरी फरक परेको बिक्री अंकमा आयकर तथा मूल्य अभिबृद्धि कर गणना गरी दाखिला गरेको छु ।

मेरो कारोबारमा मूल्य अभिबृद्धि कर लाग्ने भएकोले आजैका मितिमा मूल्य अभिबृद्धि करमा दर्ता गरी दिनुहुन समेत अनुरोध गर्दछु ।

१. **फर्मको नाम :**
२. **स्थायी लेखा नं. :**
३. **प्रोप्राईटरको नाम** .... ... .... .... .... ...
**ठेगाना** :........ .....**फोन/मोबाइल नं.**...... . .
४. **कारोबारको किसिम : चुरोट ग्यास अन्य**
५. **आय बर्ष** : .......... ....... .
६. **आय विवरणमा उल्लेख भएको बिक्री रकम रु....**
७. **वास्तविक बिक्री रकम रु.** .... ... ... ... ...
८. **फरक बिक्री रकम रु.** ... ... ... ... ... ...
९. **फरक बिक्री रकमको** ....... **प्रतिशतले दाखिला मूल्य अभिबृद्धि कर रकम रु.** ... ... ... ...
१०. **फरक बिक्री रकमको** ....... **प्रतिशतले दाखिला आयकर रकम रु.** ... ... ... ... ... ... ...
११. **जम्मा कर रकम (९ र १० को जम्मा) रु.** ...
१२. **रकम दाखिला गरेको कार्यालय तथा बैंकको नाम** : ...
१३. **रकम दाखिला गरेको चेक/बैंक भौचर /नगद रसिद नं.** ...
१४. **रकम दाखिला मिति** ... ... ... ... ... ...

माथि उल्लेख भएको विवरण एवं रकम सत्य हो । उपरोक्त विवरण एवं बिक्री रकम फरक परेमा आर्थिक अध्यादेश, २०७० को दफा २७ को उपदफा ३ बमोजिम सोही दफाको उपदफा १ र २ बाट दिएको सुविधाबाट बञ्चित गरेमा मेरो मन्जुरी छ ।

हस्ताक्षर :
नाम :
मिति :

**फाराम भर्ने निर्देशिका**

१. आर्थिक अध्यादेश, २०७० को दफा २६ को ब्यवस्था विगतमा रु. २० लाख भन्दा घटीको कारोवार देखाई पूर्वानुमानित कर दाखिला गरेको तर यथार्थ कारोवार पूर्वानुमानित कर लाग्ने सिमा भन्दा बढी भएको प्राकृतिक ब्यक्तिको हकमा मात्र लागू हुनेछ ।
२. यो ब्यवस्था अन्तर्गत कर दाखिला गर्ने ब्यक्तिले प्रत्येक आय बर्षको लागि छुट्टा छुट्टै विवरण दाखिला गर्नुपर्नेछ ।
३. विवरणको महल नं. १ मा आफ्नो फर्म जुन संस्थामा दर्ता गरेको हो सोमा उल्लेख गरेको नाम उल्लेख गर्नुपर्ने ।
४. विवरणको महल नं. २ मा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट प्राप्त स्थायी लेखा नं. उल्लेख गर्ने ।
५. महल नं. ३ मा फर्मको प्रोप्राईटरको नाम तथा ठेगाना उल्लेख गर्ने ।
६. महल नं. ४ मा सम्बन्धित आय बर्षमा कस्तो किसिमको कारोबार गरेको हो चुरोट तथा ग्यासको कारोबार गर्नेले सम्बन्धित महलमा चिन्ह लगाउने अन्य कारोबार गर्नेले कारोबार गरिएको बस्तु वा सेवाको ब्यहोरा उल्लेख गर्ने ।
७. महल नं. ५ मा यस्तो कर रकम जुन आय बर्षको लागि दाखिला गर्न लागेको सो आय बर्ष उल्लेख गर्ने । उदाहरण : यदि कख ट्रेडर्सले आर्थिक बर्ष २०६६/६७ मा पूर्वानुमानित कर दाखिला गरेको र उक्त विवरण बिक्री रु. १८ लाख देखाएको तर वास्तविक बिक्री रु. ३० लाख रहेछ यसरी फरक परेको बिक्री आय बर्ष २०६६/६७ को भएकोले सोही आय बर्ष उल्लेख गर्ने ।
८. महल नं. ६ मा जुन आय बर्षको बिक्री रकम फरक परेको छ, सो आय बर्षमा पूर्वानुमानित विवरणमा देखाईएको बिक्री रकम उल्लेख गर्ने । उदाहरण : कख ट्रेडर्सले आय बर्ष २०६६/६७ मा दाखिला गरेको विवरणमा बिक्री रकम रु. १८ लाख देखाएको छ भने सोही १८ लाख नै उक्त महलमा उल्लेख गर्ने ।
९. महल नं. ७ मा फर्मले गरेको वास्तविक कारोवार जति भएको हो सो रकम उल्लेख गर्ने । उदाहरणको लागि कख ट्रेडर्सले आय बर्ष २०६६/६७ मा बिभिन्न आपूर्तिकर्ता बाट रु. २९ लाखको सामान खरिद गरी रु. ३० लाखमा बिक्री गरेको रहेछ भने उक्त महलमा रु. ३० लाख उल्लेख गर्ने ।
१०. महल नं. ८ मा महल नं. ६ मा उल्लेख गरेको रकमबाट महल नं. ५ मा उल्लेख भएको रकम घटाई बाँकी हुन आउने रकम उल्लेख गर्ने । उदाहरण : कख ट्रेडर्सले आय बर्ष २०६६/०६७ को वास्तविक बिक्री रु. ३० लाख भएको तर

पूर्वानुमानित आय विवरणमा रु. १८ लाख उल्लेख गरी कर दाखिला गरेको हुँदा उक्त बर्षको फरक रु. १२ लाख उल्लेख गर्ने ।

११. महल नं. ९ मा महल ७ मा उल्लेख भए अनुसार फरक बिक्री रकममा अध्यादेश, २०७० को दफा २६ (१) मा उल्लेख भएको मूल्य अभिबृद्धि करको दर (**चुरोट र ग्यासको कारोबारको हकमा १ प्रतिशत तथा अन्य कारोबारको हकमा २.५ प्रतिशत**) ले हुने रकम गणना गरी आउने रकम उल्लेख गर्ने । **उदाहरण:** कख ट्रेडर्सले चुरोट र ग्याँसको कारोबार गर्ने भए महल नं. ७ मा उल्लेख भए अनुसार फरक परेको बिक्री रकम रु. १२ लाखको १ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु. १२ हजार उल्लेख गर्ने तर कख ट्रेडर्सले चुरोट र ग्याँस बाहेक अन्य कारोबार गर्ने भए महल नं. ७ मा उल्लेख भए अनुसार फरक परेको बिक्री रकम रु. १२ लाखको २.५ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु.३० हजार उल्लेख गर्ने । **(तर मूल्य अभिबृद्धि कर नलाग्ने बस्तु वा सेवाको कारोबार गर्ने ब्यक्तिले यो महल खाली छोड्ने)**

१२. महल नं. ९ मा महल नं. ७ मा उल्लेख भए अनुसार फरक बिक्री रकममा आर्थिक अध्यादेश, २०७० को दफा २६(१) मा उल्लेख भएको आयकरको दर (**चुरोट र ग्यासको कारोबारको हकमा ०.५ प्रतिशत तथा अन्य कारोबारको हकमा १.५ प्रतिशत**) (१.५ प्रतिशतले हुने रकम गणना गरी आउने रकम उल्लेख गर्ने ।

**उदाहरण :** कख ट्रेडर्सले चुरोट र ग्याँसको कारोबार गर्ने भए महल नं. ७ मा उल्लेख भए अनुसार फरक परेको बिक्री रकम रु. १२ लाखको ०.५ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु. ६ हजार उल्लेख गर्ने तर यदि कख ट्रेडर्सले चुरोट र ग्याँस बाहेक अन्य कारोबार गर्ने भए महल नं. ७ मा उल्लेख भए अनुसार फरक परेको बिक्री रकम रु. १२ लाखको १.५ प्रतिशतले हुने मूल्य अभिबृद्धि कर रु. १८ हजार उल्लेख गर्ने ।

१३. महल नं. १० मा महल नं. ८ तथा महल नं. ९ अनुसार गणना गरिएको मूल्य अभिबृद्धि कर तथा आयकरको जोड रकम उल्लेख गर्ने । उदाहरण : कख ट्रेडर्सले फरक बिक्रीको लागि तिर्नु पर्ने मूल्य अभिबृद्धि कर वापतको रकम महल नं. ८ मा उल्लेख भएको रु. ३० हजार तथा आयकर वापत महल नं. ९ मा उल्लेख भएको रु. १८ हजार गरी हुन आउने जोड रकम रु. ४८ हजार उल्लेख गर्ने ।

१४. महल नं. ११ मा फरक परेको बिक्री रकमको लागि महल नं. १० मा उल्लेख भएको कर रकम आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालय वा बैंक जहाँ दाखिला गरेको हो सो उल्लेख गर्ने ।

१५. महल नं. १२ मा महल नं. १० मा उल्लेख भएको कर रकम चेक मार्फत दाखिला गरेको हो भने सो चेक नं. उल्लेख गर्ने। यदि करदाता आफैले बैंकमा दाखिला गरेको हो भने भौचर नं. उल्लेख गर्ने। करदाता कार्यालयमा नै आई दाखिला गरेको छ भने सो वापत प्राप्त नगदी रसिद नं. उल्लेख गर्ने।

१६. महल नं. १३ मा रकम दाखिला गरेको मिति उल्लेख गर्ने ।

१७. मूल्य अभिबृद्धि कर तथा आयकरको दाखिला माथि उल्लेख भएको राजस्व शिर्षक अनुसार छुट्टा छुट्टै बैंक भौचर भर्ने । फरक कारोवारको दाखिला गर्नुपर्ने कर रकम मूल्य अभिबृद्धि करको लागि राजस्व शिर्षक नं. ... ... ... र आयकरको लागि राजस्व शिर्षक नं. ११११११ उल्लेख गर्ने ।

१८. फारामको अन्त्यमा करदाताले मिति उल्लेख गरी हस्ताक्षर गर्ने। यदि करदाता स्वंय उपस्थित नभई अन्य ब्यक्तिलाई फरक बिक्री अंक घोषणा गरी कर दाखिला गर्न अधिकार दिएको छ भने रीतपूर्वकको वारेशनामा संलग्न गर्ने।

## कार्यालयहरुले पालन गर्नुपर्ने निर्देशिका

१. आर्थिक अध्यादेश, २०७० को दफा २६ को उपदफा १ तथा उपदफा २ को लागि प्रत्येक आय बर्षको छुट्टा छुट्टै बिवरण दाखिला गर्न लगाउने ।

२. आर्थिक अध्यादेश, २०७० को दफा २६ को सुविधा लिने करदाताहरू सुविधा लिएको समयसम्म मूल्य अभिबृद्धि करमा दर्ता नभएको हुँदा यस सुविधाअनुसार दाखिला गरेको मूल्य अभिबृद्धि कर रकमलाई विविध संकलन शिर्षक (Extra Collection Heading) अन्तर्गत कम्प्यूटरमा प्रविष्ट गर्ने ।

३. अध्यादेशको ब्यवस्था अनुसार सुविधा लिई कर दाखिला गर्ने करदातालाई निम्न ढाँचाको भर्पाइ दिने ।

क) फर्मको नाम :

ख) स्थायी लेखा नं

ग) प्रोप्राईटरको नाम :

घ) ठेगाना :

ङ) आर्थिक बर्ष

च) फरक बिक्री रकम:

छ) मूल्य अभिबृद्धि कर दाखिला रकम :

ज) आयकर दाखिला रकम :

झ) चेक/बैंक भौचर वा नगदी रसिद नं. :

ञ) दाखिला मिति :

ट) कर अधिकृतको नाम :

ठ) कर अधिकृतको हस्ताक्षर :

भर्पाइको अन्त्यमा निम्न ब्यहोरा उल्लेख गर्ने ।

**बिक्री फरक परेको भनी उल्लेख गरेको बिक्री रकम पछि कार्यालयबाट छानविन गर्दा फरक परेको पाईएमा आर्थिक अध्यादेशले दिएको सुविधा पाइने छैन ।**

४. आर्थिक अध्यादेशको यस ब्यवस्था अनुसार फरक बिक्रीको घोषणा गर्ने दायित्व स्वंय करदाताको भएकोले कार्यालयमा बिक्री फरक परेको विगतको तथ्यांक करदातालाई उपलब्ध नगराई गोप्य राख्ने । करदातालाई फरक बिक्री रकमको घोषणा गर्ने सम्बन्धमा सहयोग गर्ने तर घोषणा गर्ने रकमको सम्बन्धमा केही नगर्ने ।

५. आर्थिक अध्यादेशको ब्यवस्था अनुसार सहभागी भएका करदाताको छुट्टै लगत राख्ने र प्रत्येक १५ दिनको विवरण आन्तरिक राजस्व विभागको अनुसन्धान तथा बिकास शाखामा पठाउने ।

६. अध्यादेशको यस ब्यवस्थामा करदातालाई सहभागी गराउन आफ्नो क्षेत्र भित्र प्रचार प्रसार गर्ने तथा सरोकार पक्ष (Stakeholder) सँग अन्तरक्रिया गर्ने।

७. यस ब्यवस्थाको कार्यान्वयनको लागि कुनै एक कर अधिकृतलाई जिम्मेवारी दिने र यसको कार्यान्वयनमा केही द्विविधा भए अनुसन्धान तथा बिकास शाखासँग सम्पर्क गर्ने ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
टंकमणि शर्मा

**सम्पादक मण्डल**
मदन दहाल
गोपालप्रसाद घिमिरे
ढुण्डीराज दाहाल
महाराज कोइराला
नारायणप्रसाद सुवेदी
राजकुमार पोखरेल



करको चर्चा घर घरमा गरौं, कर तिरौं, राष्ट्र निर्माणमा सहभागी बनौं ।